नेपाल धितोपत्र बोर्ड समाचार

अङ्क-१७ (जेठ-असार, २०७५)

## बोर्डको रजत जयन्ती वर्ष समापन तथा २६ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न

**जेठ २५, २०७५** : मिति २०५० जेठ २५ मा स्थापित बोर्डले २०७५ जेठ २५ मा रजत जयन्ती वर्षको समापन गर्दै २६ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरेको छ । बोर्डका अध्यक्ष डा.रेवत बहादुर कार्कीज्यूको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि माननीय अर्थ मन्त्री डा.युवराज खतिवडा रहनुभएको थियो । विशेष अतिथिको रुपमा नेपाल राष्ट्र बैंकका गभर्नर डा.चिरञ्जीबि नेपाल, बीमा समितिका अध्यक्ष श्री चिरञ्जीबि चाँपागाई र नेपाल उद्योग परिसंघका अध्यक्ष श्री हरिभक्त शर्मा रहनु भएको थियो । कार्यक्रममा बोर्डका कार्यकारी निर्देशक श्री निरज गिरीले स्वागत मन्तव्य दिदै धितोपत्र बजारको विकास तथा विस्तारका लागि बोर्डले चालेको महत्वपूर्ण कार्यहरुको समीक्षा प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि माननीय अर्थ मन्त्री डा. खतिवडाले शुभकामना दिदै नेपालको वित्तीय प्रणालीका सबै नियमन निकायहरु एकै ठाउँमा भएको सन्दर्भ उठाउँदै वित्तीय प्रणाली जोखिमयुक्त हुने भएकोले सबै नियमन निकायले स्वायत्त एवं सतर्क भई प्रभावकारी ढंगले आफ्नो नियमन भूमिका निर्वाह गर्नुपर्ने र सबै नियमन निकायहरुबीच आवश्यक समन्वय हुनुपर्ने बताउनु भयो । साथै प्रमुख अतिथि डा. खतिवडाले नेपालको अर्थतन्त्र हाल सुधारका क्रममा रहेकाले यस समयमा राष्ट्रिय पूँजी निर्माण एक महत्वपूर्ण विषय भएको र यसका लागि धितोपत्र बजारलाई महत्वपूर्ण संयन्त्रको रुपमा प्रयोग गरिने र यसका लागि स्वच्छ, पारदर्शी र उच्च व्यवसायिकता भएको धितोपत्र बजार आवश्यक भएको समेत बताउनुभयो ।



*बोर्डको २६औं वार्षिकोत्सव कार्यक्रमको उद्घाटन गर्नुहुदै माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यू ।*

नेपाल राष्ट्र बैंकका गर्भनर डा.नेपालले पछिल्लो वर्ष बोर्डले लिएका सुधारात्मक कदमहरुको प्रंशसा गर्दै धितोपत्र बजारको विकास तथा विस्तारका लागि अझै गर्नुपर्ने कार्यहरु प्रशस्त रहेको बताउनुभयो । सोही कार्यक्रममा बोर्डका पूर्व अध्यक्ष श्री दीपकराज काफ्लेले धितोपत्र बजारको विकासका लागि सबै पक्षहरुको सोचमा एकरुपता आइरहेको हालको अवस्थामा ऋणपत्र बजारको विकास, अन्तरदेशिय सूचीकरण तथा कारोबारको व्यवस्थाका लागि पहल गर्नुपर्ने बताउनु भयो । उहाँले दोस्रो बजारको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि स्टक एक्सचेञ्जमा सरकारी तथा नेपाल राष्ट्र बैंकको स्वामित्व सान्दर्भिक नहुने धारणा राख्नुभयो । बीमा समितिका अध्यक्ष श्री चिरञ्जीबि चाँपागाईले बजेट वक्तव्य मार्फत् नियमन निकायको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम रहेको स्मरण गर्दै बीमा क्षेत्रमा रहेको कोष परिचालनका लागि अल्पकालीन र मध्यमकालीन साधनको कमी रहेकोले ऋणपत्र बजारको विकास भएमा बीमा कम्पनीहरुसंग रहेको कोषको प्रभावकारी परिचालन कार्य सहज हुने

यस भित्र

बोर्डको आर्थिक वर्ष २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय ......पृ. ३

सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन...पृ. १२

बोर्डको रजत जयन्ती वर्ष प्रकाशनहरु पृ. ९

चालु आ.व. २०७४।७५ मा धितोपत्र बजार... पृ.१०

धारणा राख्नुभयो । त्यस्तै, नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्माले सरकारी कम्पनीहरु पूँजी बजारमा प्रवेश भएको खण्डमा निजी स्तरका कम्पनीलाई समेत प्रोत्साहन मिल्ने बताउँदै धितोपत्र बजारमा तथ्याङ्क व्यवस्थापन प्रणाली, साइबर सेक्युरिटीको सिद्धान्त अनुरुप हुनुपर्ने जिकिर गर्नुभयो । उहाँले नयाँ स्टक एक्सचेञ्ज उपत्यका बाहिर स्थापना हुनुपर्ने धारणा राख्नु भयो । आफ्नो मन्तव्य राख्ने क्रममा नेपाल धितोपत्र बोर्ड कर्मचारी यूनियनका अध्यक्ष श्री राजु बहादुर जि.सि. ले पूँजी बजारको विकास तथा विस्तारको लागि बोर्डलाई नेपाल सरकारको लागि सल्लाहकारको भूमिका तोकिएता पनि सो अनुसारको वातावरण नभएको जिकिर गर्दै कर सम्बन्धी विवादले पूँजी बजारलाई थप संवेदनशील बनाएको बताउनुभयो । बोर्डको क्षमता अभिवृद्धि गर्ने क्रममा बोर्डको आफ्नै अत्याधुनिक भवन हुनुपर्नेमा सो हुन नसकेको साथै बोर्डमा सक्षम कर्मचारीलाई बोर्डको सेवामा निरन्तरता दिने वातावरण तयार हुन नसकेकोले बोर्डको सेवालाई अन्य नियमन निकाय जस्तै आकर्षक बनाउन सेवा सुविधामा पुनरावलोकन गर्नुपर्ने औंल्याउनुभयो ।

**बोर्डको प्रकाशन विमोचन** : वार्षिकोत्सव कार्यक्रममा रजत जयन्ती वर्षको अवसर पारी बोर्डले प्रकाशन गरेको विभिन्न महत्वपूर्ण पुस्तकहरुको विमोचन गरिएको थियो । यस क्रममा माननीय अर्थ मन्त्रीज्यूले रजत जयन्ती वर्ष स्मारिकाको विमोचन गर्नु भएको थियो भने नेपाल राष्ट्र बैंकका गभर्नरज्यूले पूँजी बजारसम्बन्धी साक्षरताको विमोचन गर्नुभएको थियो । यस्तै, धितोपत्र तथा वस्तु विनिमय सम्बन्धी विशेष कानून संग्रह, २०७५ को विमोचन बोर्डका अध्यक्ष डा.कार्की र बीमा समितिका अध्यक्ष श्री चिरञ्जीबि चाँपागाईले रजत जयन्ती वर्ष पूँजी बजार लेख विशेषाङ्कको विमोचन गर्नुभएको थियो । कार्यक्रममा विमोचित बोर्डका प्रकाशनहरु विशेष आकर्षणको रुपमा रहेको थियो ।

**दीर्घसेवा पदक र कदरपत्र वितरण**: बोर्डमा २० वर्ष सेवा अवधि पुरा गरेका का.मु निर्देशक श्री कृष्ण प्रसाद घिमिरे, का.मु. उप निर्देशक श्री अनुज कुमार रिमाल र वरिष्ठ चालक श्री नहकुल भट्टराईलाई बोर्डले दीर्घ सेवा पदक र कदरपत्र प्रदान गरेको थियो ।



*दीर्घ सेवा पदक प्राप्त गर्नुभएका बोर्डका कर्मचारी बाँयाबाट क्रमशः का.मु निर्देशक श्री कृष्ण प्रसाद घिमिरे, का.मु. उप निर्देशक श्री अनुज कुमार रिमाल र वरिष्ठ चालक श्री नहकुल भट्टराई*


**पूँजी बजार पत्रकारिता पुरस्कार** : बोर्डले रजत जयन्तीको अवसर पारी शुरुवात गरेका पूँजी बजार पत्रकारिता पुरस्कार यस वर्ष न्यू विजनेश एज प्रा.लि. को प्रकाशन अभियान राष्ट्रिय दैनिकलाई प्रदान गरिएको छ । उक्त पुरस्कार ग्रहण गर्दै पत्रकार मदन लम्सालले आफूले लामो समयदेखि इमान्दारीतापूर्वक आर्थिक पत्रकारितालाई प्रबर्द्धन गर्न लागि परेकोमा सोको कदर गर्दै बोर्डले रजत जयन्ती वर्षका अवसरमा पुरस्कृत गरेकोमा बोर्डलाई धन्यवाद दिदै आगामी दिनमा थप इमान्दारितापूर्वक आर्थिक क्षेत्र विशेषगरी पूँजी बजार क्षेत्रमा अध्ययन तथा खोजमूलक र विश्वसनीय समाचार प्रकाशन गरी बजारलाई सुसूचित बनाउन महत्वपूर्ण भूमिका खेल्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**उत्कृष्ट शोधपत्र पुरस्कार** : बोर्डले विश्वविद्यालय स्तरमा पूँजी बजार तथा कमोडिटी डेरिभेटिभ्स् सम्बन्धी अध्ययन अनुसन्धानलाई प्रोत्साहित गर्नका लागि रजत जयन्ती वर्षको अवसरमा विभिन्न विश्वविद्यालयमा स्नातकोत्तर तथा एम.फिल. तहको अध्ययन गरी धितोपत्र बजार तथा कमोडिटी फ्यूचर्स वजार बिषय शीर्षकमा शोधपत्र लेख्ने उत्कृष्ट तीन शोधपत्रलाई पुरस्कृत गर्ने कार्यक्रम अनुसार त्रिभुवन विश्वविद्यालय, स्कूल अफ म्यानेजमेण्टबाट Political Events and Stock Returns in Nepal विषयक शोधपत्र लेखी एम.बी.ए.पूरा गरेका श्री रामचन्द्र बस्नेतलाई रु.७५ हजारको प्रथम पुरस्कार प्रदान गरिएको छ । यस्तै त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, एमफिल तहबाट Use of Technical Analysis in Nepalese Stock Market विषयक शोधपत्र लेखी एम.फिल. गरेका शोधकर्ता श्री रशेश बैद्यलाई रु.४० हजारको द्वितीय पुरस्कार र शंकरदेव क्याम्पसका Factors Affecting Profitability of General Insurance Companies in Nepal विषयमा शोधपत्र लेखी एम.वि.एम. गर्ने श्री अर्चना जोशीलाई रु.३५ हजारको तृतीय पुरस्कार प्रदान गरिएको छ ।

कार्यक्रमको सभापतित्व गर्नुभएका बोर्ड अध्यक्ष डा. कार्कीले आफ्नो मन्तव्य राख्ने क्रममा नेपालको धितोपत्र बजारको विकास तथा विस्तारका लागि बोर्ड आक्रमक ढंगबाट अघि बढिरहेको बताउनुभयो । उहाँले प्राथमिक बजारको पहुँच देशको ७७ जिल्लामा नै पुगिसकेको, ६६ जिल्लामा पूँजी बजार साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन भैसकेको, दुर्गम जिल्लामा पनि करिब ५०० देखि १००० को संख्यामा डिम्याट खाता रहेको बताउँदै बोर्डका संस्थागत क्षमता अभिवृद्धिका लागि सूचना प्रविधिको अधिकतम उपयोग गर्ने, पर्याप्त जनशक्तिको व्यवस्था गर्ने तथा बोर्डको भवनका लागि समेत आवश्यक पहल भैरहेको बताउनुभयो । आगामी आ.व. बाट फाइल ट्र्याकिङ्ग प्रणालीको व्यवस्था, राइट शेयर रिनाउन्नसको व्यवस्था गर्ने कार्य अगाडि बढाइएको जानकारी दिनुभयो । सरकारी स्तरबाट सञ्चालित नेप्से तथा सिडिएससीको निजीकरणका लागि आवश्यक पहल हुन नसकेको बताउनु भयो । स्थानीय स्तरमा आवश्यक पूँजी संकलनका लागि नगरपालिका ऋणपत्र तथा सहरी विकास ऋणपत्र निष्काशनको व्यवस्था गर्न सकिने बताउनु भयो ।

कार्यक्रमको अन्त्यमा बोर्डका कार्यकारी निर्देशक श्री परिष्टनाथ पौड्यालले प्रमुख अतिथि, विशेष अतिथि लगायत कार्यक्रममा उपस्थित सम्पूर्ण सहभागीलाई धन्यवाद ज्ञापन गर्नु भयो । कार्यक्रमको सञ्चालन बोर्डका निर्देशक श्री कृष्ण राज पोखरेलले गर्नुभएको थियो ।

## आर्थिक वर्ष २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम सार्वजनिक




**असार २५, २०७५** : बोर्डबाट आ.व. २०७५।७६ मा अपनाईने धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम मिति २०७५ असार २५ गते सार्वजनिक गरिएको छ । धितोपत्र बजारको विकास तथा विस्तारका लागि बोर्डले प्रत्येक वर्ष तर्जुमा तथा कार्यान्वयन गर्दै आएको नीति तथा कार्यक्रमलाई रजत जयन्ती बर्षको अवसरमा आ.व. २०७४।७५ देखि प्रकाशन शुरुवात गरेकोमा यसलाई अझ परिमार्जन गरी आ.व. २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रम पहिलो पटक चालु आ.व. अर्थात २०७५ असार भित्र नै प्रकाशन गरेको उक्त नीति तथा कार्यक्रम एक पत्रकार सम्मेलनका बीच बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्कीले सार्वजनिक गर्नुभएको हो । यस नीति तथा कार्यक्रमलाई यो बर्षदेखि दुई भागमा प्रस्तुत गर्दै पहिलो भागमा आ.व. २०७४।७५ को धितोपत्र बजार र बोर्डको नीति तथा कार्यक्रमको प्रगति समीक्षा गरिएको छ भने दोस्रो भागमा आगामी आ.व. २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी बोर्डको नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ । साथै यसमा बोर्डको विकासात्मक कार्यक्रमहरुलाई विभिन्न सात उप(शीर्षकमा स्पष्ट हुने गरी नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु र उद्देश्य तथा लक्ष्यहरु समेत समावेश गरिएको छ ।



*बोर्डको आ.व. २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रम सार्वजनिक गर्नुहुदै बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्की ।*

आ.व. २०७४।७५ को नीति तथा कार्यक्रममा लक्षित अधिकांश नीति तथा कार्यक्रमहरु सम्पन्न भएको पृष्ठभूमिमा नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट बक्तव्य, नेपाल सरकारका वित्तीय क्षेत्र विकास रणनीति, नेपाल सरकारको १४ औं योजना, वस्तु विनिमय बजारसम्बन्धी ऐन तथा यससम्बन्धी नियमावली, २०७४, चालू आ.व. को नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था, पहिलो पूँजी बजार प्रदर्शनी, देशव्यापीरुपमा संचालन गरिएका लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिबृद्धि कार्यक्रम, आगामी वर्षको नीति तथा कार्यक्रम र अन्य सम्बन्धित विषयमा सरोकारवालाहरुसँगको छलफल/अन्तरक्रिया तथा प्राप्त सुझाव, देशको वर्तमान प्रादेशिक संरचना र बजार नियमनसम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्तहरुलाई मुख्य आधार बनाई उक्त नीति तथा कार्यक्रम तयार गरिएको छ । प्रस्तुत २०७५।७६ नीति तथा कार्यक्रमले नेपालको धितोपत्र बजार र वस्तु विनिमय वजारलाई विकास तथा विस्तार गर्दै स्वस्थ, पारदर्शी, प्रतिस्पर्धी र प्रभावकारी बनाई यसमा सर्वसाधरणका पहुँच बढाउने उद्देश्य लिई विभिन्न लक्ष्यहरुसमेत तय गरिएको छ । आ.व. २०७५।७६ को विकासात्मक नीति तथा कार्यक्रममा देहायका विषयलाई प्राथमिकता दिई कानूनी संरचनाको विकास तथा सुदृढीकरण, बोर्डको संस्थागत तथा नियमन क्षमता अभिबृद्धि, बजार पूर्वाधारमा सुधार तथा विकास, बजार सुपरिवेक्षण व्यवस्थामा सुधार, बजार सहभागीहरुको व्यवसायिकता तथा स्तर अभिबृद्धि, अध्ययन/अनुसन्धान र प्रशिक्षण तथा जनचेतना अभिबृद्धि उपशीर्षकमा विभाजन गर्नुका साथै नियमित कार्यक्रमहरुलाई पनि विभिन्न चार उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

## बोर्डको आर्थिक वर्ष २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम देहाय बमोजिम रहेको छ ।

बोर्डबाट पहिलोपटक आ.व. २०७४।७५ को धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रम सार्वजनिक रुपमा घोषणा गरी प्रकाशन गर्न शुरुवात गरेको छ । आ.व. २०७४।७५ देखि वस्तु विनिमय बजारको समेत नियमन जिम्मेवारी पाएको बोर्डले धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास, विस्तार तथा सुधारका लागि आ.व. २०७५।७६ मा सम्पन्न गर्नुपर्ने विभिन्न विकासात्मक तथा नियमित कार्यक्रमहरुको तर्जुमा गरेको छ ।

### १.४ विकासात्मक नीति तथा कार्यक्रम

बोर्डका विकासात्मक नीति तथा कार्यक्रमहरुलाई विभिन्न सात उपशीर्षकमा विभाजन गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ :

### १.४.१ कानूनी संरचनाको विकास तथा सुदृढीकरण

१. धितोपत्र बजारको सशक्त नियमन निकायको रुपमा विकास गर्न तथा धितोपत्र बजारको नियमन व्यवस्थालाई थप प्रभावकारी बनाउन धितोपत्र सम्बन्धी नयाँ ऐन तर्जुमा गरी विधायन प्रक्रियाका लागि पेश गर्ने ।

२. धितोपत्र बजारको स्थायित्व, तथा दीर्घकालीन विकासका लागि आवश्यक ट्रष्ट ऐन तर्जुमा गरी नेपाल सरकारमा प्रस्तुत गर्ने साथै धितोपत्रको सूचीकरण तथा कारोबार नियमावली, २०७५ बनाई लागू गर्ने ।

३. नेपाल सरकारको आ.व. २०७५।७६ प्रस्तावित बजेट कार्यक्रममा प्राइभेट इक्यूटी, भेञ्चर क्यापिटल र हेज फण्ड लगायतका नयाँ संस्थाहरुलाई पूँजी बजारमा प्रवेश गराइनेछ भन्ने कार्यक्रम रहेकोले उक्त कार्यक्रम कार्यान्वयका लागि यस्ता संस्था तथा औजारमार्फत् स्वदेशी तथा गैरआवासीय नेपाली लगायत वैदेशिक पूँजी समेत

परिचालन हुनसक्ने गरी वैकल्पिक लगानी कोष नियमावली बनाई लागू गर्ने ।

४. भित्री सूचनाका आधारमा हुने कारोवारलाई निरुत्साहित गरी धितोपत्रको दोस्रो बजार कारोवारलाई विश्वसनीय बनाउन भित्री कारोवार बन्देज नियमावली बनाई लागू गर्ने ।

५. सूचीकृत कम्पनी तथा धितोपत्र व्यवसायीहरु एक आपसमा गाभ्ने तथा गाभिनेसम्बन्धी नियमावली तर्जुमा गर्ने ।

६. धितोपत्रमा लगानी गर्ने विभिन्न लगानी कम्पनीहरुलाई नियमनको दायरामा ल्याउन आवश्यक व्यवस्था गर्ने ।

७. धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी गतिविधिमार्फत् सम्पत्ति शुद्धीकरण नहुने व्यवस्था गर्न सम्पत्ति शुद्धीकरण सुपरिवेक्षण म्यानुअल (Supervision Manual) बनाई लागू गर्ने ।

८. वस्तु विनिमय बजारको नियमन जिम्मेवारी समेत बोर्डलाई प्राप्त भएकाले वस्तु विनिमय बजार संचालन तथा वस्तु कारोबार व्यवसायी सम्बन्धी आवश्यक नियम तथा निर्देशिकाहरु तर्जुमा गर्ने ।

### १.४.२ बोर्डको संस्थागत तथा नियमन क्षमता अभिबृद्धि

९. बोर्डको Accounting Manual तयार गर्ने र लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउन NFRS लागू गर्ने तथा बोर्डको सम्पत्तिको मूल्यांकनमा Fair Valuation र दायित्व निर्धारण सम्बन्धमा Actuarial Valuation को व्यवस्था गर्ने ।

१०. बोर्डको आम्दानीको भित्री प्रवाह यर्थार्थ जानकारी (Revenue Inflows Tracking) कार्यलाई सहज गर्न Budget, Payroll, Finance, Accounting, Store आदिको Interfacing गराउन Integareted Accounting and Revenue Software विकास गर्ने ।

११. वस्तु विनिमय बजारको नियमनको जिम्मेवारीसहित बोर्डको बढ्दो जिम्मेवारीलाई दृष्टिगत गरी बजारको नियमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउनका लागि O & M Survey गरी नयाँ संगठन संरचना बनाई सोही अनुसारको जनशक्ति व्यवस्था गर्दै जाने ।

१२. बोर्डको सूचना प्रबिधि नीति, २०७५ तर्जुमा गरी कार्यान्वयन गर्ने ।

१३. बोर्ड तथा बजार सहभागीहरुको सूचना प्रविधि क्षमता अभिबृद्धि गर्ने ।

१४. South Asian Securities Regulators Forum (SASRF) को सदस्य नेपाल धितोपत्र बोर्डले उक्त संस्था स्थापना गर्न मे २००५ मा समझदारी गरी उक्त संस्थाको स्थापना भई विभिन्न सदस्य नियमन निकायहरुले उक्त संस्थाको बैठक आयोजना गरिसकेको र बोर्ड धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था, IOSCO को एशोसियट सदस्य समेत भैसकेको सन्दर्भमा बोर्डबाट समेत सदस्य राष्ट्रहरुसंग समन्वय गरी बैठक तथा IOSCO को सिद्धान्तहरु र सार्क क्षेत्रको धितोपत्र बजारसम्बन्धी सेमिनार कार्यक्रम आयोजना गर्ने ।

१५. बोर्ड IOSCO को एशोसियट सदस्य भएकोमा उक्त संस्थासँग Multilateral Memorandum of Understanding-MMOU गरी साधारण सदस्यता प्राप्तगरी अन्तर्राष्ट्रिय पूँजी बजार क्षेत्रमा Exposure बढाउने ।

१६. वित्तीय साक्षरता प्रवर्द्धन तथा ज्ञान अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय संस्था OECD अर्न्तगतको International Network of Financial Education - INFE को सदस्यता लिने ।

१७. देश संघीय संरचनामा गई सकेको तथा धितोपत्र बजार हाल देशव्यापी भइरहेको सन्दर्भमा बोर्डको साधन स्रोतको आधारमा प्रदेश नं. ३ बाहेक अन्य प्रदेशहरुमा क्रमश: बोर्डको प्रादेशिक कार्यालय स्थापना गर्दै जाने नीति लिने ।

१८. बोर्डले नेपाल राष्ट्र बैंक, बीमा समिति, अर्थ मन्त्रालय, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा पूँजी बजार विज्ञसमेतको प्रतिनिधित्व रहने गरी पूँजी बजार सुधार तथा विकास सल्लाहकार समिति गठन गर्ने ।

१९. बोर्डको अनुमति तथा स्वीकृतिका क्रममा रहेका फाइलहरु तथा अन्य कागजातहरुको स्थितिको सहज पहिचान तथा पहुंचका लागि उपयुक्त/बनाई लागू गर्ने ।

२०. बोर्डको आफ्नै कार्यालय भवन बनाउन आवश्यक कार्य अगाडि बढाउने ।

### १.४.३ बजार पूर्वाधारहरुमा सुधार तथा विकास

२१. **एक नेपाली एक डिम्याट खाता**लाई अभियानको रुपमा संचालन गरी नेपालभरी धितोपत्र बजारमा व्यापक जनसहभागिता बढाउने ।

२२. नेपाल सरकारको आ.व. २०७५।७६ का लागि प्रस्तावित बजेट कार्यक्रममा नेपालको क्रेडिट रेटिङ्ग गराई विदेशी लगानी र ऋण प्रवाहलाई सहजीकरण गर्ने कार्यक्रम रहेको सन्दर्भमा क्रेडिट रेटिङ्ग सेवालाई थप स्तरीय एवं विश्वसनीय बनाई बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिने ऋणीहरु तथा स्थानीय स्तरबाट निष्काशन हुने नगरपालिका तथा सहरी विकास ऋणपत्रहरुको समेत शाख मूल्यांकनको लागि आवश्यक समन्वय एवं सहजीकरणको व्यवस्था गर्ने ।

२३. धितोपत्रको प्राथमिक बजार देशव्यापी रुपमा विस्तार भई ७७ जिल्लामा विस्तार भएको परिप्रेक्ष्यमा धितोपत्रको दोस्रो बजार कारोवार सुविधा देशव्यापीरुपमा विस्तार गर्न धितोपत्र बजारमा अन्तर्राष्ट्रिय स्तरको कारोवार प्रणाली भित्र्याउन, ऋणपत्र बजारलाई प्रभावकारीरुपमा विकास गर्न तथा धितोपत्र बजारलाई प्रतिस्पर्धी एवं गुणात्मकरुपमा अगाडि बढाउन कर्पोरेट मोडलमा नयाँ स्टक एक्स्चेन्जलाई अनुमतिपत्र प्रदान गर्ने प्रक्रिया अगाडि बढाउने ।

२४. नेपाल सरकारले वास्तविक क्षेत्रका कम्पनीहरुलाई पब्लिक कम्पनी भई सर्वसाधारणमा शेयर जारी गर्न बाध्यात्मक तथा कर छुटको प्रोत्साहनमूलक व्यवस्था गरेको र बोर्डले हालै लागू गरेको धितोपत्र दर्ता तथा निष्काशन नियमावलीको व्यवस्था अनुसार प्रिमियममा धितोपत्र निष्काशन गर्नसक्ने व्यवस्थासमेत भएकोले आ.व. २०७५।७६ लाई वास्तविक क्षेत्रका कम्पनीहरुलाई धितोपत्र बजार प्रवेश गराउने विशेष वर्षको रुपमा लिई कम्पनी ऐन तथा औद्योगिक नीतिमा सम्बन्धित व्यवस्था समावेश गराउन नेपाल सरकार, अर्थ मन्त्रालय तथा कम्पनी रजिष्ट्रारको कार्यालयसँग समन्वय तथा सहकार्य गर्ने ।

२५. धितोपत्र बजारमा सामूहिक लगानी कोष अन्तर्गत हाल बन्दमुखी योजना मात्र रहेकोमा खुलामुखी योजना प्रवेश गराउने र साथै यसको प्रबर्द्धनमा सहायक कम्पनीमार्फत् बीमा कम्पनीहरुसमेत सहभागी हुन सक्ने व्यवस्था गर्ने ।

२६. अन्तर्राष्ट्रिय अभ्यास तथा धितोपत्र सम्बन्धी ऐन नियम अनुसार हुने गरी नेप्से तथा सिडिएससिको पुर्नसंरचना गर्न सहजीकरण गर्ने, बोर्डको निर्देशनमा धितोपत्र दलाल व्यवसायीमार्फत् ग्राहकको खरिद बिक्री आदेश स्वचालितरुपमा दिने प्रणालीलाई नेप्सेको नयाँ कारोवार प्रणालीसंग आबद्ध गरी धितोपत्रको दोस्रो बजार सेवालाई स्वच्छ, पारदर्शी एवं प्रतिस्पर्धी बनाउदै लैजाने ।

२७. धितोपत्र दलाल व्यवसायी सेवा जिल्ला तथा प्रदेशबाट समेत माग भइरहेको सन्दर्भमा धितोपत्रको दोस्रो बजारको पहुंच विस्तार गरी धितोपत्र बजारमार्फत् स्थानीयस्तरमा रहेको बचत तथा लगानीलाई

दीर्घकालीन पूँजी परिचालनको मूल प्रवाहमा ल्याउन आर्थिकरुपमा सम्भाव्य स्थानहरुमा धितोपत्र दलाल व्यवसायी सेवा संचालन अनुमति दिने ।

२८. बोनश शेयर तथा हकप्रद शेयरको घोषणा तथा सो सम्बन्धी सूचना प्रवाहलाई प्रभावकारी बनाउन र हकप्रद शेयरको हकको निस्सा बोलकबोल (Auction) प्रक्रियामा व्यापक सहभागिता बढाउन आवश्यक व्यवस्था गर्ने ।

२९. धितोपत्रको दोस्रो बजारमा हुने कारोवारको भुक्तानी सुनिश्चितताका लागि आवश्यक भुक्तानी सुनिश्चित कोष (Settlement Guarantee Fund) स्थापना गराउन तथा Auction Market संचालन गराउन आवश्यक सहजीकरण गर्ने ।

३०. हकप्रद शेयरमा खरिदका लागि विद्यमान शेयरधनीहरुलाई प्राप्त हुने हक (Rights) को कारोवार (खरिद बिक्री) को व्यवस्था गरी Equity Derivatives Market को शुरुवात गर्ने ।

३१. वस्तु विनिमय बजार तथा वस्तु कारोबार व्यवसायीबाट प्राप्त निवेदनहरुको अध्ययन गरी बजारको प्रतिस्पर्धी एवं गुणात्मकरुपमा विकास हुने गरी अनुमति दिई बजार संचालन गराउने ।

३२. ओटिसी कारोवारलाई प्रतिस्पर्धी एवं विश्वसनीय बनाउन स्वचालित कारोवार प्रणालीको व्यवस्था गर्ने ।

### १.४.४ बजार सुपरिवेक्षण व्यवस्थामा सुधार

३३. धितोपत्र व्यवसायीहरुका लागि जोखिममा आधारित सुपरिवेक्षण (Risk Based Supervision) को Model विकास गरी सोही अनुसार धितोपत्र व्यवसायीहरुको सुपरिवेक्षण कार्य गर्ने ।

३४. नेप्से तथा सिडिएससीको प्रणाली संपरीक्षण (System Audit) गर्ने व्यवस्था शुरु भइसकेकोले यसलाई थप स्तरीय बनाउँदै सूचना प्रविधिको बढी प्रयोग हुने अन्य सेवा प्रदायकको प्रणालीको समेत संपरीक्षण गराउने व्यवस्था गर्ने ।

३५. स्टक एक्सचेन्ज तथा सिडिएससीले गर्ने धितोपत्र बजार सहभागीहरुको सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था गर्ने ।

३६. धितोपत्र वजार तथा वस्तु विनिमय बजारका विद्यमान तथा संभाव्य लगानीकर्ताहरुलाई वजारसम्बन्धी तथ्यपूर्ण एवं विश्वसनीय सूचना एवं जानकारी उपलब्ध गराउन सूचना प्रवाह (Information Disclosure) सम्बन्धमा अध्ययन गरी सूचना प्रवाह व्यवस्थामा सुधार गर्ने ।

३७. बोर्डको आ.व. २०७४।७५ को नीति तथा कार्यक्रममा दोस्रो बजारमा लगानी गर्दा स्थायी लेखा नं. (PAN) लाई आ.व. २०७५।७६ देखि अनिवार्य गर्नको लागि आवश्यक नीतिगत व्यवस्था गर्ने भनिए बमोजिम दोस्रो बजारमा शेयर खरिद बिक्रीका लागि स्थायी लेखा नम्बर (PAN) लिन प्रोत्साहित गर्ने ।

३८. बोर्डको सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाई धितोपत्र बजार तथा वस्तु विनिमय सम्बन्धी ऐन नियम तथा निर्देशिकामा भएका व्यवस्थाहरुको परिपालना भए नभएको एकीन गरी परिपालना नगर्ने बजार सहभागीहरुलाई कारवाही प्रक्रिया अगाडि बढाउने ।

३९. वस्तु विनिमय बजारको नियमन जिम्मेवारीसमेत बोर्डलाई प्राप्त भएकाले वस्तु विनिमय बजार संचालन तथा वस्तु कारोबार व्यवसायी सम्बन्धी आवश्यक निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।

४०. वस्तु विनिमय बजारको सुपरिवेक्षण कार्यलाई दक्ष एवं प्रभावकारी बनाउन वस्तु विनिमय बजार तथा बस्तु कारोवार व्यवसायी सुपरिवेक्षण दिग्दर्शन तर्जुमा गरी लागू गर्ने ।

४१. धितोपत्र व्यवसायीको नियम परिपालना प्रतिवेदनको ढाँचा विकास गरी कार्यान्वयन गर्ने ।

### १.४.५ बजार सहभागीहरुको व्यवसायिकता तथा स्तर अभिबृद्धि

४२. धितोपत्र बजार गतिविधि तथा बजार नियमनसम्बन्धी गुनासाहरुका सम्बन्धमा बजार सहभागीहरुको समेतको सहभागितामा प्रत्येक तीन महिनामा लगानीकर्ताहरुसंग अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।

४३. स्टक एक्सचेन्ज तथा अन्य बजार सहभागीहरुका कामकारवाही तथा गतिविधिहरुलाई क्रमश: Digitalised बनाउदै लैजान आवश्यक व्यवस्था गर्ने ।

४४. धितोपत्र दलाल व्यवसायीमार्फत् हुने मार्जिन ट्रेडिङ्ग कारोवारका लागि दलाल व्यवसायीसंग रु. पाँच करोडको खुद सम्पत्ति हुनुपर्ने व्यवस्था भएअनुसार दलाल व्यवसायीहरुलाई पूँजीको व्यवस्था गर्न लगाई नेप्से तथा धितोपत्र दलाल व्यवसायीमार्फत् मार्जिन कारोवारलाई प्रभावकारी बनाउने ।

४५. धितोपत्र व्यवसायीहरुको स्तर अभिबृद्धि गर्नका लागि पूँजी आधार, व्यवसायिकता, ऐन नियमको परिपालना तथा प्रतिस्पर्धी सेवा लगायत अन्य उपयुक्त परिसूचक तयार गरी सोको आधारमा धितोपत्र व्यवसायीहरुको वर्गीकरण कार्य गर्ने/गराउने ।

४६. पूँजी बजारको गतिशील विकासमा सहयोग पुऱ्याउने उद्देश्यले स्थापित नागरिक लगानी कोषलाई सहायक कम्पनी स्थापना गरी संस्थागत लगानीकर्ता तथा बजार निर्माताको रुपमा पूँजी बजारमा सक्रिय बनाउन आवश्यक सहजीकरण गर्ने ।

४७. मर्चेण्ट बैंकिङ्ग व्यवसायमा पारदर्शिता तथा जनसहभागिता समेत बढाउने उद्देश्यले मर्चेण्ट बैंकिङ्ग व्यवसायी (मर्चेण्ट बैंकर) हरुका लागि १५ प्रतिशतमात्र सार्वजनिक निष्काशन गरी पब्लिकमा जान सक्ने व्यवस्था गर्ने ।

४८. नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रार कार्यालयको सहकार्यमा बोर्ड तथा कम्पनी रजिष्ट्रार कार्यालय तथा अन्य सम्बन्धित निकायका पदाधिकारीहरु र एक अर्ब वा सो भन्दा बढीको पूँजीमा स्थापित उत्पादनमूलक कम्पनीहरुका प्रमुखहरु तथा विज्ञहरुलाई संलग्न गराई पब्लिक कम्पनी तथा धितोपत्र बजारमार्फत् पूँजी परिचालन सम्बन्धमा छलफल/अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।

४९. धितोपत्र व्यवसायीहरुले कर्मचारी नियमावली र आचार संहिता बनाई लागू गर्नुपर्ने व्यवस्था गर्ने र बोर्डले सोको परिपालनाको अनुगमन समेत गर्ने ।

५०. सस्थागत विकास-विस्तारका लागि जनशक्ति तथा सामाजिक उत्तरदायित्वको महत्वलाई दृष्टिगत गरी स्टक एक्सचेन्ज, केन्द्रीय निक्षेप सेवा तथा धितोपत्र व्यवसायीहरुले आफ्नो वार्षिक आम्दानीको एक निश्चित प्रतिशत रकम कर्मचारीको बृत्ति विकास तथा संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility-CSR) मा खर्च गर्नुपर्ने व्यवस्था गर्ने ।

### १.४.६ अध्ययन /अनुसन्धान

५१. देश संघीयतामा गई ७५३ स्थानीय निकाय गठन भईसकेको र ती निकायहरुका लागि ठूलो पूँजी आवश्यक हुने हुँदा आवश्यक पूँजी उपलब्धताका लागि सम्बन्धित नगर विकास कोषहरुसंग समन्वय गरी नगरपालिका ऋणपत्र (Municipal Bond) निष्काशन सम्बन्धमा अध्ययन गरी निष्काशन व्यवस्था गर्ने ।

५२. Equity Derivatives Market को प्रवर्द्धन गर्न साधारण शेयर परिसूचक औजार (Equity Index Instrument) को कारोवारको संभावना सम्बन्धमा अध्ययन गर्ने/गराउने ।

५३. धितोपत्र बजारमा कारोबार हुने सूचीकृत कम्पनी, कारोबार रकम, कारोबार हुने धितोपत्र आदि सम्बन्धमा Real Time Surveillance गर्न धितोपत्र बोर्डमा Automated Market Surveillance System को स्थापना गर्ने सम्बन्धमा अध्ययन गर्ने/गराउने ।

५४. नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावलीमा भएको व्यवस्था अनुरुप बोर्डको कर्मचारीको उचित व्यवस्थापन गर्न उपर्युक्त स्वेच्छिक अवकाश योजना सम्बन्धमा अध्ययन गर्ने ।

५५. प्राथमिक निष्काशनमा मागका आधारमा मूल्य निर्धारण हुने व्यवस्था (Free Pricing System) का लागि आवश्यक Book Building System लागू गर्ने सम्बन्धमा अध्ययन गर्ने ।

५६. धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी विवादहरुको समाधान गर्ने उपयुक्त संयन्त्रका लागि Securities and Futures Dispute Resolution Tribunal को व्यवस्था गर्ने सम्बन्धमा अध्ययन गर्ने/गराउने ।

५७. धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी अध्ययन/अनुसन्धान कार्यलाई सहजीकरण तथा प्रोत्साहित गर्न बजारसम्बन्धी पुस्तक, तथ्यांक तथा जानकारी उपलब्ध हुने गरी बोर्डको पुस्तकालयलाई सुदृढ तथा व्यवस्थित गर्ने ।

५८. धितोपत्र बजारसम्बन्धी अनुसन्धानमुलक कार्य एवं मौलिक रचनालाई प्रोत्साहन गर्न अनुसन्धानमुलक तथा मौलिक लेखहरु समावेश गरी SEBON Journal तथा वार्षिक पूँजी बजार लेख विशेषाङ्क प्रकाशन गर्ने ।

५९. अर्थतन्त्र, धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी प्रादेशिक प्रोफाइल तयार गर्ने ।

### १.४.७ प्रशिक्षण तथा जनचेतना अभिवृद्धि

६०. धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी विभिन्न शैक्षिक तालिम संचालन तथा अध्ययन अनुसन्धान गरी नीति निर्माणमा सहयोग गर्न धितोपत्र तथा फ्यूचर्स बजार प्रशिक्षण संस्था (Securities and Futures Market Institute-SFMI) स्थापना सम्बन्धमा अध्ययन गरी स्थापना गर्ने कार्य अगाडि बढाउने ।

६१. प्रदेशहरुमा आर्थिक पत्रकारहरुलाई धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम आयोजना गर्दै जाने ।

६२. देशव्यापीरुपमा धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी प्रशिक्षण तथा जनचेतना अभिबृद्धि गर्न स्थानीय स्तरका योग्य इच्छुक व्यवसायिक जनशक्तिलाई प्रशिक्षक प्रशिक्षण (Training to Trainers-ToT) का लागि आह्वान गरी संभाव्य विज्ञहरुको सूची बनाई उनीहरुमार्फत् प्रदेश तथा जिल्लामा बजारसम्वन्धी प्रशिक्षण तथा जनचेतना अभिबृद्धि कार्यक्रम संचालनको शुरुवात गर्ने ।

६३. धितोपत्र बजार तथा वस्तु विनिमय बजारका विद्यमान तथा संभाव्य लगानीकर्ताहरुलाई बजारसम्बन्धी तथ्यपूर्ण एवं विश्वसनीय सूचना एवं जानकारी उपलब्ध गराउन सूचना प्रवाह(Information Disclosure) सुदृढ गर्दै जाने ।

६४. नयां लगानीकर्ताहरुलाई दृष्टिगत गरी काठमाडौं उपत्यकामा धितोपत्र बजारसम्बन्धी निरन्तर प्रशिक्षण तथा जनचेतना अभिबृद्धि र लगानीकर्ताहरुको जिज्ञासाहरु सम्बोधन गर्न स्टक एक्सचेन्जसंगको सहकार्यमा पाक्षिकरुपमा काठमाडौं उपत्यकाको उपयुक्त स्थानमा लगानीकर्ता प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।

६५. देशभरी पूँजी बजारसम्बन्धी जनचेतना अभिबृद्धि गर्न पूँजी बजारसम्बन्धी पाक्षिक रेडियो कार्यक्रम संचालनको व्यवस्था गर्ने ।

६६. धितोपत्र बजार तथा वस्तु विनिमय बजार सुधार तथा विकासका लागि आवश्यक नीति नियममा राय सल्लाह लिन यससँग सम्बद्ध तथा जानकार अर्थशास्त्री तथा वित्तशास्त्री र स्वदेशी एवं विदेशी पूँजी बजार विज्ञहरुलाई संलग्न गराई अन्तरक्रिया/सेमिनार कार्यक्रम संचालन गर्ने ।

६७. पछिल्लो समयमा काठमाडौं उपत्यका बाहिरसमेत पूँजी बजार गतिविधिहरु बढ्दै गएकाले यस सम्बन्धी जानकारी तथा सचेतना अभिबृद्धि गरी यसमा व्यापक जनसहभागिता बढाउन काठमाडौं उपत्यका बाहिर धितोपत्र कारोवार सेवाको उपलब्धतालाई मध्यनजर गरी उपयुक्त कुनै एक प्रदेशमा प्रादेशिक पूँजी बजार प्रर्दशनी २०७६ आयोजना गर्ने ।

६८. विभिन्न विश्वविद्यालय तथा उच्च माध्यमिक विद्यालयका सम्बन्धित विषयको पाठ्यक्रममा धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी विषयवस्तुहरु समावेश गराउन आवश्यक समन्वय गर्ने ।

## १.५ नियमित कार्यक्रमहरु

बोर्डका नियमित कार्यक्रमहरुलाई विभिन्न चार उपशीर्षकमा विभाजन देहाय बमोजिम प्रस्तुत गरिएको छ :

### १.५.१ धितोपत्रहरु दर्ता तथा निष्काशन स्वीकृति र व्यवसाय संचालन अनुमति तथा विनियावली स्वीकृति

१. संगठित संस्थाहरुको धितोपत्रहरु दर्ता गर्ने, विवरणपत्र बिक्री प्रस्ताव, हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण पुस्तिका स्वीकृत गर्ने र विवरण पुस्तिका प्रकाशन गर्न संगठित संस्थाहरुलाई स्वीकृति प्रदान गर्ने ।

२. धितोपत्र बजार, धितोपत्र दलाल, निष्काशन तथा बिक्री प्रबन्ध, शेयर रजिष्ट्रार, लगानी व्यवस्थापन, प्रत्याभूति, योजना व्यवस्थापन, डिपोजिटरी, निक्षेप सदस्य, आस्वा सहभागी, क्रेडिट रेटिङ्ग तथा अन्य धितोपत्र व्यवसाय गर्न प्राप्त निवेदनहरुको अध्ययन गरी अनुमतिपत्र/दर्ता प्रमाणपत्र प्रदान गर्ने तथा नवीकरण गर्ने ।

३. वस्तु विनिमय बजारबाट बोर्डमा प्राप्त हुने Contract Specification को अध्ययन गरी कारोबारका लागि दर्ता गर्ने ।

४. सामूहिक लगानी कोष स्थापना गर्न चाहने संगठित संस्थाहरुबाट प्राप्त निवेदनहरुको अध्ययन गरी कोष दर्ता गर्ने तथा कोष सुपरिवेक्षकको कार्य गर्न चाहनेहरुलाई स्वीकृति प्रदान गर्ने ।

५. धितोपत्र बजार तथा धितोपत्रको केन्द्रीय निक्षेप कम्पनीबाट बोर्डको स्वीकृतिका लागि पेश हुने नयाँ विनियमावली तथा विनियमावली संशोधनको पुनरावलोकन गरी स्वीकृत गर्ने ।

६. वस्तु बजार तथा राफसाफ कम्पनीबाट बोर्डको स्वीकृतिका लागि पेश हुने नयाँ विनियमावली पुनरावलोकन गरी स्वीकृत गर्ने ।

**१.५.२ बजार अनुगमन, सुपरिवेक्षण तथा कारवाही**

७. धितोपत्रको सार्वजनिक निष्काशनमा आस्वा प्रणालीमा सहभागी कम्तीमा १० प्रतिशत बैंक तथा वित्तीय संस्थाको स्थलगत सुपरिवेक्षण गर्ने ।

८. सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण तथा आतंककारी कृयाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९ ले गरेको व्यवस्था बमोजिम धितोपत्र व्यवसायमा संलग्न सम्पूर्ण व्यक्ति, लगानीकर्ताहरुको ग्राहक पहिचान (KYC) गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन स्थितिको सुपरिवेक्षण गर्ने ।

९. धितोपत्र खरिद बिक्री सम्बन्धमा लगानीकर्ताहरुको आदेशको कार्यान्वयन, कारोवार राफसाफ तथा फछ्यौंट, निक्षेप सदस्यको सेवा प्रवाह तथा ऐन नियमको पालना सम्बन्धमा कम्तीमा २० प्रतिशत धितोपत्र दलाल व्यवसायी तथा निक्षेप सदस्यको स्थलगत निरीक्षण गर्ने ।

१०. धितोपत्रको निष्काशन, बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी काम कारवाहीहरुको सम्बन्धमा कम्तीमा ५० प्रतिशत मर्चेन्ट बैंकरहरुको स्थलगत निरीक्षण गर्ने ।

११. सामूहिक लगानी कोषको लगानी व्यवस्थापन तथा अन्य काम कारवाही सम्बन्धमा कम्तीमा ५० प्रतिशत योजना व्यवस्थापक तथा डिपोजिटरीहरुको काम कारवाहीहरुको स्थलगत/गैर स्थलगत निरीक्षण गर्ने ।

१२. सूचीकृत संगठित संस्थाहरु, नेपाल स्टक एक्सचेन्ज लि., धितोपत्र दलाल व्यवसायी, मर्चेन्ट बैंकर, केन्द्रीय निक्षेप कम्पनी, योजना व्यवस्थापक, निक्षेप सदस्य तथा क्रेडिट रेटिङ्ग एजेन्सीको वित्तीय विवरण प्रवाह, वार्षिक साधारण सभा, सूचना प्रवाह तथा अन्य कामकारवाहीको सम्बन्धमा थप परिष्कृत एवं नियमित रुपमा गैह -स्थलगत सुपरिवेक्षण गर्ने व्यवस्था गर्ने ।

१३. धितोपत्र बजारमा कारोवार हुने सूचीकृत कम्पनी, कारोवार रकम, कारोवार हुने धितोपत्र आदि सम्बन्धमा नेपाल स्टक एक्सचेन्जमा हुने धितोपत्र कारोवारको Real Time Surveillance गर्ने ।

१४. वस्तु विनिमय बजार तथा वस्तु कारोबार व्यवसायीहरुको विवरण प्रवाह तथा अन्य कामकारवाहीको सम्बन्धमा परिष्कृत एवं नियमित रुपमा गैहस्थलगत सुपरिवेक्षण गर्ने व्यवस्था गर्ने तथा आवश्यकतानुसार स्थलगत निरीक्षण गर्ने ।

१५. धितोपत्र सम्बन्धी कसूरका सम्बन्धमा आवश्यकता अनुसार अनुसन्धान तथा तहकिकात गर्ने र ऐन नियमको पालना नगर्ने पक्षहरु उपर धितोपत्र सम्बन्धी ऐन, २०६३ को व्यवस्था अनुसार आवश्यक कारवाही अगाडि बढाउने तथा बोर्ड पक्ष वा विपक्ष भएका मुद्दा मामिलाको पुर्पक्ष वा प्रतिरक्षा गर्ने ।

**१.५.३ बजार विकासका लागि सुझाव, नीति तथा कार्यक्रम तयारी तथा प्रगति पुनरावलोकन र गुनासो समाधान**

१६. धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा र धितोपत्र बजार सुधार तथा विकासका लागि आवश्यकतानुसार नेपाल सरकार समक्ष राय सुझाव प्रस्तुत गर्ने ।

१७. बोर्डको वार्षिक कार्यक्रम र वजेट तयार गर्ने तथा सो अनुसार भए गरेका काम कारवाहीहरुको प्रत्येक चौमासिक अवधिमा पुनरावलोकन गर्ने ।

१८. लगानीकर्ताको गुनासाहरुको छानविन तथा समाधान सम्बन्धमा आवश्यक कार्य गर्ने/गराउने ।

**१.५.४ लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिबृद्धि र अध्ययन अनुसन्धानमा प्रोत्साहन तथा व्यावसायिकता विकास**

१९. धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी जानकारी दिने उद्देश्यले काठमाडौं उपत्यका बाहिर कम्तीमा २५ वटा लगानीकर्ता प्रशिक्षण तथा तालिम कार्यक्रम संचालन गर्ने ।

२०. पूँजी बजारसम्बन्धी अद्यावधिक जानकारी तथा सूचना प्रवाह गर्न देहाय अनुसारका प्रकाशन गर्ने :

- बोर्डको वार्षिक प्रतिवेदन (अंग्रेजी तथा नेपाली),
- बजारसम्बन्धी संक्षिप्त लेख सहितको नेपाल धितोपत्र बोर्ड समाचार द्विमासिक,
- धितोपत्र बजारको तथ्यांक नियमित रुपमा जानकारी गराउन Quarterly Securities Market Indicators,
- रजत जयन्ती वर्ष धितोपत्र तथा वस्तु विनिमयसम्बन्धी विशेष कानून संग्रहको अंग्रेजी संस्करण,
- रजत जयन्ती प्रकाशन नेपाल धितोपत्र बोर्डका २५ वर्ष (२०५०/२०७४) को अंग्रेजी संस्करण,
- रजत जयन्ती वर्ष स्मारिका २०७५ को अंग्रेजी संस्करण,
- नेपाल धितोपत्र बोर्ड एक परिचय तथा धितोपत्र तथा वस्तु विनिमयसम्बन्धी वारम्वार शोधिने प्रश्नहरुसम्बन्धी अद्यावधिक संस्करण,
- पूँजी बजारसम्बन्धी साक्षरताको अद्यावधिक संस्करण ।

२१. धितोपत्र बजार सम्बन्धमा लगानीकर्ताको सचेतनाको स्तर अभिबृद्धि गर्न विभिन्न संचार माध्यमबाट चेतनामूलक सन्देशहरु प्रवाह गर्ने ।

२२. धितोपत्र बजारसम्बन्धी तथ्याङ्क संकलन व्यवस्थित गर्न केन्द्रीय तथ्याङ्क व्यवस्थापन प्रणालीलाई परिष्कृत गरी नियमितरुपमा अद्यावधिक गर्ने ।

२३. धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी सूचनाहरु प्रभावकारी ढंगले सम्प्रेषण गर्न बोर्डको वेवसाइटलाई बढी सूचनामूलक तथा स्तरीय बनाई प्रयोगकर्ता मैत्री बनाउने ।

२४. बोर्डको वार्षिकोत्सवको उपलक्ष्यमा उत्कृष्ट आर्थिक प्रत्रकार छनौट गरी पूँजी बजार पत्रकारिता पुरस्कार प्रदान गर्ने, धितोपत्र बजार तथा कमोडिटी फ्यूचर्स बजारसम्बन्धमा दर्शनाचार्य (एमफील) तथा स्नातकोत्तर तहमा लेखिएका उत्कृष्ट शोधपत्रहरुलाई पुरस्कृत गर्ने र २० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीको सम्मान गर्ने लगायतका कार्यक्रमसहित वार्षिकोत्सव कार्यक्रम आयोजना गर्ने ।

२५. धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति निर्माणमा सहयोग हुने उपयुक्त राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम, सेमिनार तथा कार्यशाला गोष्ठीहरुमा बोर्डका पदाधिकारीहरुलाई र धितोपत्र बजार नियमनसम्बन्धी शीप तथा दक्षता अभिवृद्धिका लागि बोर्डको जनशक्तिलाई उपयुक्त राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम तथा सेमिनार कार्यक्रमहरुमा सहभागी गराउने ।

## बोर्डबाट आ.व. २०७४।०७५ मा सम्पादन गरिएका कार्यक्रमहरूको प्रगति समीक्षा

बोर्डबाट आ.व. २०७४।७५ को नीति तथा कार्यक्रम अनुसार सम्पादन गरिएका कार्यक्रमहरुको प्रगति समीक्षा संक्षिप्तमा देहायअनुसार रहेको छ :

- नेपाल सरकारले मिति २०७४।०५।११ मा जारी गरेको वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ कार्यान्वयनका लागि बोर्डले मिति २०७४।०८।०९ मा वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ लागू गरी वस्तु विनिमय (कमोडिटि डेरिभेटिभ) बजारलाई बोर्डको नियमनको दायरामा ल्याइएको छ ।
- सूचीकृत जलविद्युत कम्पनीको नक्कली शेयर कारोबार भएको सम्बन्धमा बोर्डबाट भएको तहकिकातको प्रतिवदेन अनुसार धितोपत्र दलाल व्यवसायीहरुलाई र हितग्राही तथा ग्राहक परिचय विवरणमा त्रुटि गर्ने निक्षेप सदस्य/धितोपत्र दलाललाई आर्थिक जरिवाना गरी कानून प्रवलीकरणमा विशेष जोड दिई नियमन शसक्तता बढाइएको छ ।
- धितोपत्रको दोस्रो बजार सेवालाई आधुनिकीकरण गर्दै बजारको पहुँच देशव्यापी बनाउन तथा अर्थतन्त्रमा आएको बृद्धि र पूँजी बजारको विस्तारलाई धान्न सक्ने गरी धितोपत्र बजार संचालन नियमावली, २०६४ मा भएको व्यवस्था बमोजिम थप एक स्टक एक्सचेन्ज स्थापना तथा संचालन अनुमति सम्बन्धमा सैद्धान्तिक निर्णय गरिएको छ ।
- सार्वजनिक निष्काशन कार्यलाई थप व्यवस्थित गर्ने उद्देश्यले २०७३ माघदेखि शुरु गरिएको आस्वा प्रणालीलाई २०७४ श्रावणदेखि अनिवार्य गरी प्राथमिक बजार सेवा ६२ बैंक तथा वित्तीय संस्थाका करिब २५०० शाखामार्फत् देशभर ७७ जिल्लामा पुऱ्याइनुको साथै यसबाट धितोपत्रको सार्वजनिक निष्काशनदेखि कारोवारसम्मको समयावधि छ महिनाबाट ५० दिनमा छोट्टिएको छ ।
- बोर्डले धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ लागू गरी प्राथमिक निष्काशनमा आवेदन दिने सम्पूर्ण आवेदनकर्तालाई न्यूनतम १० कित्ता शेयर बाँडफाँड हुनुपर्ने व्यवस्था लागू गरी धितोपत्र बाँडफाँड प्रणाली समावेशी बनाएको छ ।
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ मा संशोधन गरी बोर्डले मर्चेन्ट बैंकरको वित्तीय अवस्था सुदृढ बनाउन चुक्ता पूँजीमा तीन गुणाभन्दा बढीले वृद्धि गर्नुका साथै सङ्गठित संस्थाको संरचना हेरफेर, मूल्याङ्कन, व्यवसायिक योजना, लोन सिण्डिकेशन, वर्किङ क्यापिटल फाइनान्सिङ, भेन्चर क्यापिटल, प्राइभेट इक्विटी, हेज फण्ड जस्ता कोष सञ्चालन तथा सम्पत्ति व्यवस्थापन लगायतका विषयमा परामर्शदाताको रूपमा कार्य गर्न सक्ने गरी मर्चेन्ट बैंकरको कार्य क्षेत्र विस्तार गरेको छ ।
- बोर्डले धितोपत्र दलालले चुक्ता पूँजी बृद्धि गरी रु. २० लाखबाट रु. २ करोड पुऱ्याउनुपर्ने, शाखा कार्यालयको लागि आवश्यक मापदण्ड पूरा गरी बोर्डबाट स्वीकृति लिनुपर्ने, दक्ष जनशक्ति, आवश्यक पूर्वाधार विकास गर्नुपर्ने लगायतका व्यवस्था थप गरी धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ मा नेपाल सरकारको स्वीकृति लिई आवश्यक संशोधन गरेको छ ।
- बोर्डले पहिलोपटक आ.व. २०७४।७५ को धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रम सार्वजनिक रुपमा घोषणा गरी प्रकाशन गर्न शुरुवात गरेको छ ।
- धितोपत्र बजारमा सुशासन कायम गर्ने उद्देश्यले बोर्ड सदस्यहरुका लागि आचार संहिता लागू गरिएको छ भने बोर्डले सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन अभिबृद्धि गर्न २०७४ माघमा सूचना तथा जानकारी प्रवाह, सञ्चालक समिति, सञ्चालकको आचरण, संस्थाको हित विपरित कार्य गर्न नहुने, पदको दुरुपयोग गर्न नहुने, संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली, संगठन संरचना र कर्मचारी व्यवस्था, संस्थाको लेखा तथा लेखा परीक्षण, सूचीकृत संस्थाले गर्न नहुने कार्यसहित संस्था सञ्चालन सम्बन्धी व्यवस्थाहरु समावेश गरी मिति २०७५ श्रावण १ मा लागू हुने गरी "सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४" जारी गरेको छ ।
- सर्वसाधारणमा पूँजी बजार सम्बन्धी प्रशिक्षण तथा जनचेतना अभिवृद्धि कार्यक्रमलाई व्यापक गरी उच्च तथा जिल्ला अदालतका न्यायधीशज्यूहरु तथा वरिष्ठ कानून व्यवसायीहरुको सहभागितामा धितोपत्र बजार नियमन तथा कानूनी व्यवस्था सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।
- बोर्डले धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा मर्चेन्ट बैंकर) सुपरिवेक्षण दिग्दर्शन, २०७४ लागू, मार्जिन कारोबारसम्बन्धी नीतिगत व्यवस्था, ग्राहक विवरण (KYC) विस्तृत रुपमा परिमार्जन गरिएको, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०७४ जारी गर्नुका साथै इन्टरनेटमार्फत खरिद विक्री आदेश दिन सक्ने व्यवस्था गरेको छ ।

### बोर्डको २६ औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न ।


**जेठ २२, २०७५**: रक्तदान कार्यक्रम नेपाल धितोपत्र वोर्ड कर्मचारी युनियनको समन्वय तथा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसंचार सेवा बालकुमारी, ललितपुरको सहयोगमा मिति २०७५ जेठ २३ गते वोर्डको कार्यालय परिसरमा रक्तदान कार्यक्रम आयोजना गरेको थियो । उक्त रक्तदान कार्यक्रममा बोर्ड, नेप्से, सिडिएस एण्ड क्लियरिङ्ग लि. धितोपत्र व्यवसायी (मर्चेन्ट वैंकर, धितोपत्र दलाल, निक्षेप सदस्य) लगायतका निकायका पदाधिकारी एवं कर्मचारीहरु समेत गरी ८७ जना द्वारा रक्तदान गरिएको थियो ।




*बोर्डबाट आयोजना गरिएको रक्तदान कार्यक्रममा रक्तदान गर्दै सहभागीहरु ।*

# बोर्डको रजत जयन्ती वर्ष प्रकाशनहरू

**बोर्डले धितोपत्र बजारमा भएका गतिविधि, बजार सुधार तथा विकास विस्तारका लागि चालेका पहलहरुका साथै धितोपत्र बजारसम्बन्धी सर्वसाधारणमा साक्षरता अभिवृद्धि गर्ने तथा पूँजी बजारमा अध्ययन अनुसन्धान कार्यलाई प्रोत्साहन गर्ने उद्देश्य अनुरुप रजत जयन्ती वर्षमा देहाय बमोजिमको सामग्रीको प्रकाशन गरेको छ ।**




**नेपाल धितोपत्र बोर्ड रजत जयन्ती वर्ष स्मारिका, २०७५** : पूँजी बजारमा भए गरेका विभिन्न गतिविधि, पूर्व अर्थमन्त्रीज्यू तथा हालका अर्थ मन्त्रीज्यू, पूर्व बोर्ड अध्यक्षज्यू तथा अन्य सरोकारवालाको पूँजी बजार सम्बन्धी धारणा आदिको बारेमा जानकारी दिने उद्देश्यले प्रकाशन गरिएको नेपाल धितोपत्र बोर्ड रजत जयन्ती वर्ष स्मारिका, २०७५ लाई विभिन्न सात खण्डमा विभाजन गरिएको छ । प्रथम खण्डमा पूँजी बजारको इतिहास तथा संस्थागत विकासको चर्चा गरिएको छ भने फर्केर हेर्दा नाम दिइएको दोस्रो खण्डमा पूर्व तथा वर्तमान अर्थ मन्त्रीज्यूहरुको पूँजी बजारसम्बन्धी अन्र्तवार्ताका साथै पूर्व बोर्ड अध्यक्षज्यूहरुको आ-आफ्नो कार्यकालको संस्मरणात्मक अन्र्तवार्ता प्रस्तुत गरिएको छ । त्यस्तै, तेस्रो र चौथो खण्डमा क्रमश: बोर्डको परिचय र धितोपत्र बजारका विविध पक्ष समावेश गरिएको उक्त स्मारिकाको पाँचौ खण्डमा बोर्डले रजत जयन्ती वर्षभरि सम्पन्न भएका कार्यक्रमहरुको चर्चा गरिएको छ । प्रस्तुत स्मारिकाको छैटौ खण्डमा बोर्डबाट हालसालै भएका सुधार तथा विकासका पहलहरु उल्लेख गरिएको छ भने अन्तिम खण्डमा धितोपत्र बजारका सहभागीहरु र सूचीकृत कम्पनीको विवरण प्रस्तुत गरिएको छ । नेपाल धितोपत्र बोर्डको गतिविधि तथा सरोकारवालाको बजारप्रतिको धारणा बुझ्न चासो राख्ने सबैका लागि प्रस्तुत पुस्तक ऐतिहासिक दस्तावेजको रुपमा रही उपयोगी हुने देखिएको छ ।




**पूँजी बजारसम्बन्धी साक्षरता** : बोर्डले सर्वसाधारणमा पूँजी बजारसम्बन्धी साक्षरता अभिवृद्धि गर्ने उद्देश्य लिई पूँजी बजारसँग सम्बन्धित आधारभूत विषयवस्तु समावेश गरी पूँजी बजारसम्बन्धी साक्षरता प्रकाशन गरेको छ । विभिन्न १५ भागमा विभाजन गरिएको उक्त पुस्तकमा नेपालको वित्तीय प्रणाली, धितोपत्रको परिचय, धितोपत्रको प्राथमिक तथा दोस्रो बजार, डिम्याट तथा बैंक खाता, आस्वा प्रणाली, धितोपत्र बजार पूर्वाधार तथा धितोपत्र व्यवसायी, ओटिसी बजार, वस्तु विनिमय बजारका साथै धितोपत्र तथा वस्तु विनिमय बजारमा हुन सक्ने कसूर तथा दण्ड सजायको बारेमा चर्चा गरिएको छ । प्रस्तुत पुस्तकलाई आगामी आर्थिक वर्षमा थप अद्यावधिक गर्दै लैजाने बोर्डको योजना रहेको छ । पूँजी बजारप्रति चासो राख्ने सर्वसाधारणका लागि बोर्डबाट पहिलोपटक प्रकाशन भएको यस पुस्तक सर्वसाधारणको लागि निकै उपयोगी एवं लोकप्रिय हुने देखिएको छ ।

**धितोपत्र तथा वस्तु विनिमय सम्बन्धी विशेष कानून संग्रह, २०७५**: बोर्डले रजत जयन्ती वर्षको अवसर पारी धितोपत्र तथा वस्तु विनिमय बजारमा प्रचलनमा रहेका ऐन, नियमावली, विनियमावली तथा निर्देशिकाहरुलाई विभिन्न चार भागमा समावेश गरी धितोपत्र तथा वस्तु विनिमय सम्बन्धी विशेष कानून संग्रह, २०७५ प्रकाशन गरेको छ । कानूनको अनभिज्ञता क्षम्य हुँदैन भन्ने आधारभूत मान्यत अनुरुप धितोपत्र बजारमा भएका कानूनी व्यवस्थाको सहज जानकारी उपलब्ध गराउने उद्देश्यले प्रकाशन गरिएको यस कानूनी संग्रहमा धितोपत्र सम्बन्धी ऐन, २०६३, वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ र सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ्ग) निवारण ऐन, २०६४ सहित तीन ऐन, नौं नियमावली, सात निर्देशिका तथा नेप्से र सिडिएससीका चार विनियमावलीहरु समेत समावेश गरिएको छ ।

**नेपाल धितोपत्र बोर्ड रजत जयन्ती वर्ष पूँजी बजार लेख विशेषाङ्क, २०७५** : पूँजी बजारको विषयमा अध्ययन तथा अनुसन्धान कार्यलाई प्रोत्साहन गर्नका लागि आर्थिक वर्ष २०७३।७४ मा बोर्डले पहिलोपटक नेपाल धितोपत्र बोर्ड, रजत जयन्ती वर्ष लेख विशेषाङ्क प्रकाशन गरेकोमा सो कार्यलाई चालु आ.व. २०७४।७५ मा निरन्तरता दिई यस अङ्कमा समेत धितोपत्र तथा वस्तु विनिमय बजारको विविध विषयवस्तु समेटी प्रकाशन गरिएको छ । यस विशेषाङ्कमा बोर्डका पूर्व अध्यक्ष, धितोपत्र बजार विज्ञ तथा विश्वविद्यालयका प्राध्यापकहरुको ५१ समसामयिक लेखहरु समावेश गरिएको छ । बोर्डले आगामी वर्षहरुमा समेत यस प्रकारको लेख विशेषाङ्कको प्रकाशनलाई निरन्तरता दिनेछ ।

**नेपाल धितोपत्र बोर्ड, एक परिचय** : बोर्डले चालु आ.व. २०७४।७५ मा नेपाल धितोपत्र बोर्ड, एक परिचय नामक पूस्तिकाको चौथो संस्करण प्रकाशन गरेको छ । नेपाल धितोपत्र बोर्डको परिचय, कार्य क्षेत्र, संगठनात्मक स्वरुप, धितोपत्र बजार तथा वस्तु विनिमय बजारका विभिन्न आयामहरुका साथै धितोपत्र बजारको विकास तथा विस्तारका लागि बोर्डले चालेका कदमहरुलाई अद्यावधिक गर्दै प्रस्तुत पूस्तिकालाई समयसापेक्ष बनाई प्रकाशन गरिएको छ ।

**धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी बारम्बार सोधिने प्रश्नहरू** : बोर्डबाट धितोपत्र तथा वस्तु विनिमय बजारबारे सर्वसाधारणमा रहेका जिज्ञासाहरुको समाधान गर्ने उद्देश्यले धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी बारम्बार सोधिने प्रश्नहरुको दोस्रो संस्करण प्रकाशन गरेको छ । धितोपत्र बजारका विविध विषयवस्तुलाई विभिन्न सात भागमा विभाजन गरी दोस्रो पटक प्रकाशन गरिएको उक्त पूस्तिकामा वस्तु विनिमय बजारसम्बन्धी जिज्ञासाहरुलाई समेत समावेश गरिएको छ ।

माथिका विशेष प्रकाशनहरुसँगै चालु आर्थिक वर्षमा बोर्डले नियमित प्रकाशनको रुपमा बोर्डको वार्षिक प्रतिवेदन क्रमश: आ.व. २०७३।७४ नेपालीमा र आ.व. २०७२।७३ को अग्रेजीमा प्रकाशन गर्नुका साथै नेपाल धितोपत्र बोर्ड समाचार, द्विमासिक रुपमा पाँच वटा अङ्क र Quarterly Securities Market Indicators, Issue 2-5 सम्म प्रकाशन गरी लगानीकर्ता तथा सरोकारवालाहरुलाई वितरण गरिएको छ ।

# चालु आ.व. २०७४।७५ मा धितोपत्र बजारको स्थिति

**आ.व. २०७४।७५ मा धितोपत्र बजारमा संकुचन आएको देखिन्छ । समीक्षा अवधिमा धितोपत्रको प्राथमिक बजार गत वर्षको तुलनामा सामान्य गिरावट देखिएको छ भने धितोपत्रको दोस्रो बजारमा लगानीकर्ताको मनोबल सकारात्मक बन्न सकेको देखिदैंन । आ.व. २०७४।७५ मा धितोपत्रको प्राथमिक बजार र दोस्रो बजारको समीक्षा देहाय अनुसार प्रस्तुत गरिएको छ ।**

### धितोपत्रको प्राथमिक बजार

आ.व. २०७४।७५ मा धितोपत्रको प्राथमिक बजार मिश्रित अवस्थामा रहेको छ । समीक्षा अवधिमा ८८ संगठित संस्थाले रु. ५३ अर्ब ३० करोड मूल्य बराबरको सार्वजनिक निष्काशनका लागि बोर्डबाट अनुमति प्राप्त गरेका छन् जुन गत वर्षको निष्काशन भन्दा १०.३ प्रतिशतको कमी हो । गत वर्ष १०१ संगठित संस्थाले रु. ५९ अर्ब ३९ करोड बराबरको निष्काशन अनुमति प्राप्त गरेका थिए । प्राथमिक निष्काशनतर्फ हेर्दा आ.व. २०७४।७५ मा उल्लेख्य बढोत्तरी आएको देखिन्छ । यस अवधिमा २१ संगठित संस्थाले कुल रु. ८ अर्ब ३० करोड बराबरको सार्वजनिक निष्काशन अनुमति प्राप्त गरेका छन् जुन गत वर्षको तुलनामा साढे चार गुणा भन्दा बढीको वृद्धि हो । गत वर्ष १६ संगठित संस्थाले १.५ अर्ब बराबरको धितोपत्रको सार्वजनिक निष्काशन अनुमति पाएका थिए । यस्तै, थप निष्काशन र म्यूचुअल फण्ड निष्काशनतर्फ पनि समीक्षा वर्षमा क्रमश: ४७.९ प्रतिशत र १२.९ प्रतिशतको बढोत्तरी देखिएको छ । यद्यपि यस अवधिमा हकप्रद निष्काशनतर्फ भने कमी आएको छ । समीक्षा अवधिमा ५५ संगठित संस्थाको रु. २५.७ अर्ब बराबरको हकप्रदन शेयर निष्काशनका लागि बोर्डबाट अनुमति प्रदान गरिएको छ । विगत तीन आर्थिक वर्षको धितोपत्रको प्राथमिक बजारको अवस्था तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका-१**

**धितोपत्रको प्राथमिक बजार** *(वार्षिक तथ्याङ्कमा आधारित)*

| क.स. | विवरण | आर्थिक वर्ष (रकम रु. अर्बमा) | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७२/७३ | | २०७३/७४ | | २०७४/७५ | | संख्याको आधारमा | | रकमको आधारमा | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | २०७३/७४ | | २०७४/७५ | |
| १ | प्राथमिक निष्काशन | १४ | २.७६ | १७ | १.५१ | २२ | ८.३० | २१.४ | २९.४ | -४५.३ | ४४९.७ |
| २ | हकप्रद निष्काशन | ३७ | ९.४ | ७६ | ४५.६४ | ५५ | २५.७० | १०५.४ | -२७.६ | ३८५.५ | -४३.७ |
| ३ | थप निष्काशन | ३ | ५.८३ | ४ | ७.९९ | ६ | ११.५० | ३३.३ | ५०.० | ३७.० | ४३.९ |
| ४ | ऋणपत्र निष्काशन | - | - | - | - | १ | ३.०० | - | - | - | - |
| ५ | म्युचुयल फण्ड | १ | १ | ४ | ४.२५ | ४ | ४.८० | ३००.० | ०.० | ३२५.० | १२.९ |
| | **जम्मा** | **५५** | **१८.९९** | **१०१** | **५९.३९** | **८८** | **५३.३०** | **८३.६** | **-१२.८७** | **२१२.७** | **-१०.३** |

*स्रोत : नेपाल धितोपत्र बोर्ड*

**धितोपत्रको दोस्रो बजार** : समीक्षा अवधिमा धितोपत्रको दोस्रो बजारलाई मापन गर्ने अधिकांश सूचकहरु नकारात्मक रहेका कारण गत वर्षको तुलनामा दोस्रो बजारमा संकुचन आएको देखिन्छ । पूँजीगत लाभकर गणना विधिमा देखिएको अस्पष्टता, धितोपत्रको आपूर्तिमा वृद्धि, मुद्रा बजारमा देखिएका असन्तुलन तथा लगानीकर्ताहरुको मनोविज्ञानका कारण समीक्षा अवधिमा दोस्रो बजारले अपेक्षाकृत गति लिन नसकेको देखिन्छ । समीक्षा अवधिमा १९६ कम्पनी सूचीकृत रहेको नेपाल स्टक एक्सचेन्ज लि.मा कुल रु. १ खर्ब २१ अर्ब बराबरको धितोपत्र कारोबार भएको छ जुन गत वर्षको तुलनामा ४०.८ प्रतिशतको कमी हो । यस अवधिमा २३३ दिन कारोबार हुँदा औषत दैनिक कारोबार रकम रु. ५२ करोड रहेको छ । गत वर्ष उक्त रकम रु. ८९ करोड रहेको थियो । समीक्षा अवधिको अन्त्यमा धितोपत्रको दोस्रो बजारको कुल बजार पूँजीकरण गत वर्षको तुलनामा २२.७ प्रतिशतले कमी आई १४ खर्ब ३५ अर्ब कायम भएको छ, जुन गत वर्षको अन्त्यमा रु. १८ खर्ब ५६ अर्ब रहेको थियो । यस्तै फ्लोट बजार पूँजीकरणमा पनि २४.६ प्रतिशतले कमी आई रु. ४ अर्ब ८३ करोड कायम भएको छ । आ.व. २०७३।७४ को अन्त्यमा १६५८.५८ विन्दुमा रहेको नेप्से सूचकांक आ.व. २०७४।७५ को अन्त्यमा २३.४ प्रतिशतले गिरावट आई उक्त सूचकांक १२१२.३६ विन्दु कायम भएको छ । समीक्षा अवधिको धितोपत्रको दोस्रो बजारको स्थिति तालिका २ मा प्रस्तुत गरिएको छ ।

**तालिका २**

**धितोपत्रको दोस्रो बजार (वार्षिक तथ्याङ्कमा आधारित)**

| क.स. | विवरण | यूनिट | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७३/७४ | २०७४/७५ |
| १ | सूचीकत कम्पनीको संख्या | संख्या | २३० | २०८ | १९६ | -९.६ | -५.८ |
| २ | धितोपत्रको कारोबार | रु. अर्बमा | १६४.७ | २०५.० | १२१.४ | २४.५ | -४०.८ |
| ३ | कारोबार दिन | दिन | २३३ | २३० | २३३ | -१.३ | १.३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | औसत दैनिक कारोबार रकम | रु. करोडमा | ७०.७ | ८९.१ | ५२.१ | २६.१ | -४१.६ |
| ५ | कारोबार भएको कूल शेयर संख्या | संख्या करोडमा | ३०.४ | ३९.३ | २९.४ | २९.४ | -२५.२ |
| ६ | कारोबार संख्या | संख्या | ८३८,९८७ | १,३५६,५१५ | १,३११,०३४ | ६१.७ | -३.४ |
| ७ | सूचीकृत धितोपत्रको बजार पूँजीकरण | रु. अर्बमा | १,८९०.१३ | १,८५६.८३ | १,४३५.१४ | -१.८ | -२२.७ |
| ८ | फ्लोट बजार पूँजीकरण (रु.अर्बमा) | रु. अर्बमा | ६३२.७ | ६४१.७ | ४८३.९ | १.४ | -२४.६ |
| ९ | बजार पूँजीकरणमा कारोबारको प्रतिशत | प्रतिशत | ८.७ | ११.० | ८.५ | २६.७ | -२३.४ |
| १० | फ्लोट बजार पूँजीकरणमा कारोबारको प्रतिशत | प्रतिशत | २६.० | ३१.९ | २५.१ | २२.७ | -२१.५ |
| ११ | कुल गार्हस्थ उत्पादनमा बजार पूँजीकरणको प्रतिशत | प्रतिशत | ८३.९ | ७०.३ | ४७.७ | -१६.२ | -३२.१ |
| १२ | कुल गार्हस्थ उत्पादनमा फ्लोट पूँजीकरणको प्रतिशत | प्रतिशत | २८.१ | २४.३ | १६.१ | -१३.५ | -३३.७ |
| १३ | नेप्से सूचकांक | विन्दुमा | १७१८.१५ | १५८२.६७ | १२१२.३६ | -७.९ | -२३.४ |
| १४ | नेप्से सेन्सिटिभ सूचकांक | विन्दुमा | ३६९.०७ | ३३६.०४ | २५५.२० | -८.९ | -२४.१ |
| १५ | नेप्से फ्लोट सूचकांक | विन्दुमा | १२५.४१ | ११६.१४ | ८७.१५ | -७.४ | -२५.० |
| १६ | नेप्से सेन्सिटिभ फ्लोट सूचकांक | विन्दुमा | १०८.९९ | १०४.१७ | ७७.९२ | -४.४ | -२५.२ |

*स्रोत: नेपाल स्टक एक्सचेञ्ज लि.*

## धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ संशोधन गरी समसामयिक बनाईएको

**असार ५, २०७५** : धितोपत्र वजारलाई समावेशी वनाउन तथा बढी भन्दा बढी लगानीकर्ताले धितोपत्र प्राप्त गर्न सक्ने व्यवस्थाको लागि बोर्डद्वारा धितोपत्रको सार्वजनिक निष्काशनमा सकेसम्म सबै आवेदकलाई दश कित्ताको दरले धितोपत्र बाँडफाँड गर्नुपर्ने व्यवस्था राखी मिति २०७४ जेठ १२ मा लागू गरेको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ लाई मिति २०७५ असार ५ मा संशोधन गरी धितोपत्रको निष्काशन कार्यलाई थप गतिशील, चुस्त, सहज र कम खर्चिलो बनाउने प्रयास गरेको छ । यस अनुसार धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २१ को उपदफा (२) तथा उपदफा (६) मा संशोधन गरिएको छ ।

१. धितोपत्रको सार्वजनिक निष्काशनको खरिदका लागि दरखास्त दिन सकिने अधिकतम सीमा विवरण पत्रमा उल्लेख भए बमोजिम हुने ।
२. प्रिमियम मुल्य सहित जारी गरिएको शेयर भएमा वा विवरणपत्रमा सर्वसाधारणलाई निष्काशन गरिएको समयावधि भित्र सम्पूर्ण शेयर बिक्री नभएमा संगठित संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरिद गर्न सक्ने ।

उक्त निर्देशिका मिति २०७४ जेठ १२ मा जारी भए पश्चात् भएका धितोपत्रको सार्वजनिक निष्काशनको प्रवृति हेर्दा सबै आवेदकलाई दश कित्ताको दरले धितोपत्र बाँडफाँड गर्नु पर्ने व्यवस्थाको कारण अधिकांश लगानीकर्ताले दरखास्त दिन पाइने न्यूनतम कित्तालाई दृष्टिगत गरी दरखास्त दिने गरेकोले बोर्डको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा धितोपत्रको लागि आवेदन गर्न सक्ने अधिकतम सिमा शून्य दशमलब पाँच प्रतिशत हुनु पर्ने व्यवस्था व्यवहारिक नभएको भन्ने गुनासो प्राप्त भएको तथा प्रिमियम मूल्यमा समेत प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा प्राकृतिक व्यक्तिले धितोपत्र खरिद नगरेको अवस्थामा मात्र संस्थागत लगानीकर्ताहरुलाई खुल्ला गर्दा पनि शून्य दशमलब पाँच प्रतिशतको अधिकतम सिमाका कारण सार्वजनिक निष्काशनमा पूर्ण रुपमा विक्री हुन नसकी निष्काशन कार्य थप झन्झटिलो समेत हुन गएको हुँदा कतिपय संगठित संस्थावाट निर्देशिकाको उल्लेखित व्यवस्थामा सुधार गर्न निवेदन समेत प्राप्त भएको सन्दर्भमा उक्त निर्देशिकामा संशोधन गरिएको हो ।

## सी-आस्वा सेवा प्रभावकारी बनाउन सिडिएससिलाई निर्देशन

धितोपत्रको सार्वजनिक निस्काशनमा सी-आस्वा प्रणाली लागू गरिएकोमा लगानीकर्ता एवं आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाबाट समेत सी-आस्वा सफ्टवेयरमा समय समयमा Connectivity जाने तथा System Hang हुने जस्ता समस्याले गर्दा सेवा प्रभावकारी नभएको भनी बोर्डमा गुनासो प्राप्त भएको सन्दर्भमा सो सेवा प्रभावकारी बनाउन बोर्डले सिडिएससीलाई एक परिपत्र जारी गर्दै देहाय बमोजिमको निर्देशन दिएको छ ।

१. सी-आस्वा सेवाप्रदायक संस्थाहरुलाई प्रदान गरेको सी-आस्वा सफ्टवेयरको Connectivity को क्षमतामा अभिवृद्धि गरी निर्वाध रुपमा सी-आस्वा सेवा सुचारु रहने संयन्त्रको बिकास गर्ने ।
२. सी-आस्वाबाट आवेदन गर्दाको समयमा नै खातामा रहेको रकम तत्काल रोक्का हुने व्यवस्था सहित आवेदनको सुनिश्चितताको बारेमा सेवाग्राहीलाई तत्कालै Real time मा जानकारी गराउने संयन्त्रको बिकास गर्ने ।
३. सेवाग्राहीलाई सी-आस्वा सेवा सम्बन्धमा जानकारी प्रदान गर्न पर्याप्त प्रचार प्रसार गर्ने ।
४. सी-आस्वा प्रदायक वैंक वित्तीय संस्थालाई सेवा प्रभावकारी रुपमा कार्यान्वयन गर्न संस्थाका कर्मचारीलाई आवश्यक तालिम प्रदान गर्ने व्यवस्था गर्ने/गराउन लगाउने ।

## सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७५ लागू

**असार ३२, २०७५** : बोर्डले सूचीकृत संगठित संस्थाहरुको काम कारवाहीलाई नियमित एवं व्यवस्थित गरी शेयरधनी लगायत अन्य सम्पूर्ण सरोकारवाला पक्षहरु प्रति सम्बन्धित संस्थालाई उत्तरदायी बनाई धितोपत्र बजारलाई थप व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउन २०७४ माघ २५ मा जारी गरेको सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा प्रथम संशोधन गरी यही २०७५ साउन १ देखि लागू गरेको छ । उक्त निर्देशिका जारी भएको मितिले छ महिनाको समय दिई बोर्डले निर्देशिकामा भएका व्यवस्थाहरुको बारेमा सूचीकृत कम्पनीलाई अभिमुखीकरण गर्ने तथा निर्देशिकामा व्यवस्थाहरुको परिपालना गर्दा हुन सक्ने व्यवहारिक कठिनाई बुझ्ने र अन्य सरोकारवाला पक्षहरुको राय र सुझाव लिने उद्देश्य लिई सूचीकृत कम्पनीका प्रमुख कार्यकारी अधिकृत र प्रमुख वित्तीय अधिकृतहरु तथा अन्य सरोकारवाला पक्षहरुका प्रतिनिधिहरुसँग मिति २०७५ असार २६ मा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो । उक्त कार्यक्रममा प्राप्त रचनात्मक सुझाव तथा प्रतिक्रियाहरुको आधारमा उक्त निर्देशिकामा देहाय बमोजिम संशोधन गरिएको छ:

### सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा प्रथम संशोधनका बुँदाहरु:

१. सञ्चालकले अन्य कुनै पनि संस्थाको तलवी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गर्न हुँदैन भन्ने व्यवस्था रहेकोमा सोलाई संशोधन गरी सञ्चालकले उस्तै प्रकृतिको उद्देश्य भएको सूचीकृत संस्थाको सञ्चालक, तलवी पदाधिकारी, कार्यकारी प्रमूख वा कर्मचारी भई कार्य गर्न हुँदैन तर नेपाल सरकारले नियुक्त गरेका सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन साथै कुनै संस्थाको सहायक कम्पनी भएमा त्यस्तो सहायक कम्पनीमा मुख्य संस्थाको प्रतिनिधिको रुपमा सञ्चालक नियुक्त गर्न सकिनेछ भन्ने व्यवस्था गरिएको,

२. परिपालन अधिकृतले ऐन, नियमावली तथा नियमनकारी निकायबाट समय समयमा जारी भएको निर्देशन तथा निर्देशिका बमोजिम गर्नु पर्ने विषयका सम्बन्धमा सम्बन्धित संस्थाबाट पालना भए वा नभएकोबारे प्रतिवेदन तयार गरी सञ्चालक समितिबाट स्वीकृत गराई त्यस्तो प्रतिवेदनलाई लेखा परीक्षकबाट प्रमाणित गराउनु पर्ने र सो प्रतिवेदन सम्बन्धित संस्थाको बार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने व्यवस्था गरिएको,

३. कुनै सूचीकृत संस्थाबाट पारिश्रमिक र अन्य सुविधा प्राप्त हुने गरी पदमा बहाल रहेको व्यक्ति अर्को सूचीकृत संस्थाबाट पारिश्रमिक र अन्य सुविधा पाउने गरी नियुक्त हुन नसक्ने व्यवस्था गरिएको साथै स्वतन्त्र सञ्चालकको नियुक्ति गर्दा प्रचलित कानून बमोजिम व्यवस्था भएकोमा सोही बमोजिम गर्नु पर्ने व्यवस्था गरिएको,

४. संस्थामा सञ्चालकको संयोजकत्वमा एक लेखापरीक्षण समितिको गठन गर्नु पर्ने र सो समितिमा रहने सदस्यसँग संस्थामा कम्तीमा एक जना सदस्य लेखा वा वित्त बिषयमा विज्ञ वा तीन वर्षको वित्तिय क्षेत्रमा अनुभव प्राप्त रहेको हुनु पर्ने व्यवस्था गरिएको साथै खरिद प्रकृयालाई व्यवस्थित र पारदर्शी वनाउन प्रत्येक संस्थाले खरिद बिनियमावली/कार्यविधि बनाई लागू गर्नु पर्ने व्यवस्था गरिएको,

५. संस्थाको व्यवसायको गोपनीयतामा पर्न सक्ने असरलाई मध्य नजर गरी संस्थाको सञ्चालक समितिबाट पारित भएका निर्णय (माइन्युट) सार्वजनिक गर्नु पर्नेको सट्टा धितोपत्रको मूल्यमा असर पर्न सक्ने संवेदनशील निर्णय नियमित रूपमा सार्वजनिक गर्नु पर्ने व्यवस्था गरिएको,

६. सञ्चालक समितिमा एकाघर परिवारमा बसोबास गरी आएका वा छुट्टाभिन्न भएका पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजुभाई, तथा दिदी बहिनीबाट एकभन्दा बढी सञ्चालक नियूक्त भएको अवस्थामा सो सम्बन्धमा बार्षिक प्रतिवेदनमा समेत उल्लेख गर्नु पर्ने व्यवस्था गरिएको,

७. पाँच हजार कित्तासम्म शेयर लगानी गर्ने तथा चुक्ता पूँजी पाँच लाख रुपैयाँसम्म रकम लगानी गर्ने लगानीकर्तालाई साना लगानीकर्ता भन्ने व्यवस्था रहेकोमा सोलाई संशोधन गरी चुक्ता पूँजीमा पचास हजार रुपैयाँसम्म रकम लगानी गर्ने लगानीकर्तालाई साना लगानीकर्ता भनिएको ।

## सार्वजनिक निष्काशनको प्रिमियम मूल्य निर्धारण सम्बन्धमा बोर्डको प्रष्टोक्ति

२०७५ असार १९ धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन तथा थप सार्वजनिक निष्काशनमा प्रिमियम मूल्य सम्बन्धमा विभिन्न सञ्चार माध्यमहरुमा हालै प्रकाशित समाचार प्रति यस बोर्डको आफ्नो ध्यानाकर्षण गर्दै यस सम्बन्धमा देहाय अनुसारको विषेश व्यवस्था गरिएको र सोही अनुसार बोर्डले कार्य सम्पादन गर्दै आईरहेको जानकारी देहाय अनुसार सर्वसाधारण तथा सरोकारवाला निकायलाई गराएको छ ।

१. प्रिमियम मूल्यमा सार्वजनिक निष्काशन गर्दा मुख्यत: एफपिओको मूल्य निर्धारण सम्बन्धमा तत्कालिन धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ र धितोपत्र निष्काशन निर्देशिका, २०६७ मा स्पष्ट व्यवस्था नभएको अवस्थामा संगठित संस्थाहरुले आफ्नै विधि तथा तरिकाबाट प्रिमियम मूल्य निर्धारण गर्ने अवस्था रहेको र कतिपय संगठित संस्थाहरुले अस्वाभाविक प्रिमियम मूल्य निर्धारण गरी निष्काशन प्रस्ताव गरेको अवस्था रहेकोमा प्रिमियम मूल्य निर्धारणलाई पारदर्शी र यर्थाथपरक बनाउन बोर्डले मिति २०७३।०४।२५ मा अन्तर्राष्ट्रिय अभ्यास अनुरुपको थप सार्वजनिक निष्काशनको प्रिमियम मूल्य निर्धारण सम्बन्धी विधि लागू गरेको छ । जस अनुसार थप सार्वजनिक निष्काशनको प्रिमियम मूल्य गणना गर्दा पूँजीकृत भएको आम्दानी (खुद नाफा), भविष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (डिस्काउन्टेड क्यास फ्लो), संस्थाको पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरण अनुसारको प्रति शेयर खुद सम्पती र १८० दिनको औषतबजार मूल्य विधिबाट प्राप्त हुने मूल्यहरुको कूल मूल्यको सामान्य औषत गणना गरी प्रिमियम मूल्य निर्धारण गर्ने व्यवस्था रहेको थियो ।

२. नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले थप सार्वजनिक निष्काशन गर्न आवेदन दिंदा प्रति शेयर रु.२९५१ मूल्य प्रस्ताव गरेकोमा उर्पयुक्त विधि लागू भए पश्चात उक्त कम्पनीले सो विधि अनुसार प्रति शेयर रु.१४२५ मा थप सार्वजनिक निष्काशन गरेको थियो । तत्

पश्चात सोही विधि बमोजिम नेपाल एसबिआई बैंक लिमिटेडले प्रति शेयर रु.९७१ र स्टाण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडलेप्रति शेयर रु.१२९० प्रिमियम मूल्य निर्धारण गरी थप सार्वजनिक निष्काशन गरेका थिए ।

३. धितोपको सार्वजनिक निष्काशनमा प्रिमियम मूल्य निर्धारण सहित संरचनात्मक सुधार गर्नको लागि नेपाल सरकारको स्वीकृतिमा नयाँ नियमावली धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २५ ले संगठित संस्थाले प्रिमियममा धितोपत्र निष्काशन गर्न सक्ने व्यवस्था गरे पश्चात अन्तर्राष्ट्रिय अभ्यास अनुरुप प्रिमियम मूल्य निर्धारण प्रकृयालाई व्यवस्थित बनाउँदै धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मार्फत थप सार्वजनिक निष्काशनको प्रिमियम मूल्य निर्धारण विधिहरु देहाय बमोजिम परिमार्जन गरिएको छ :

- थप सार्वजनिक निष्काशनको प्रिमियम मूल्य निर्धारण: पछिल्लो तीन बर्षको पूँजीकृत भएको आम्दानी (खुद नाफा), भबिष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (डिस्काउन्टेड क्यास फ्लो) र बोर्डमा निवेदन दिनु भन्दा सात दिन अगाडिको १८० दिनको औषत बजार मूल्य गणना गरी प्राप्त हुने कूल मूल्यको औषत मूल्य वा संस्थाको पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरण अनुसारको प्रति शेयर नेटवर्थको चार गुणाले हुन आउने मूल्य मध्ये जुन कम हुन्छ सो मूल्यलाई प्रिमियम मूल्य कायम गर्नु पर्ने व्यवस्था गरिएको छ ।
- साथै उल्लेखित विधि बमोजिम निर्धारण गरिएको प्रिमियम मूल्य र मूल्य निर्धारण गर्दा अपनाईएको विधि, औचित्य र औचित्यलाई पुष्टि गर्ने गरी संगठित संस्था भन्दा बाहिरका विज्ञ वा विज्ञ संस्थाबाट ड्यू डेलिजेन्स अडिट गरिएको विवरणलाई संगठित संस्थाको लेखापरीक्षकबाट समेत प्रमाणित गराउनुपर्ने व्यवस्था गरिएको साथै प्रिमियम मूल्यको यथार्थपरक विश्लेषण होस् भन्ने उद्देश्यले प्रिमियम मूल्यमा सार्वजनिक निष्काशन गर्दा सम्पूर्ण धितोपत्रको प्रत्याभूत गराउनुपर्ने व्यवस्था निर्देशिकामा गरिएको ।

४. उक्त धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा गरिएको व्यवस्था बमोजिम पोखरा फाइनान्स लिमिटेडले प्रति शेयर रु.२२०, बुटवल पावर कम्पनी लिमिटेडले प्रति शेयर रु.५०१, एनएमबि बैंक लिमिटेडले प्रति शेयर रु.३३३ र नेपाल बैंक लिमिटेडले प्रति शेयर रु.२८० मूल्य निर्धारण गरेको र सोही बमोजिम बोर्डले ती संगठित संस्थाहरुलाई थप सार्वजनिक निष्काशन गर्न अनुमतिप्रदान गरेको छ ।

५. प्रारम्भिक सार्वजनिक निष्काशनमा प्रिमियम मूल्य निर्धारण: वास्तविक क्षेत्रका कम्पनीहरुलाई पूँजी बजार मार्फत पूँजी परिचालन गर्न आकर्षित गर्न नेपाल सरकार तथा यस बोर्डबाट प्रोत्साहनमूलक नीति अपनाएको सन्दर्भमा नेपाल सरकारले बजेट मार्फत धितोपत्र बजारमा सूचिकृत हुने उत्पादनशील क्षेत्रका कम्पनीलाई आयकरमा १५ प्रतिशत विशेष छुट दिने व्यवस्था गरेको र बोर्डले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ लागु गरी प्रिमियम सहितको मूल्यमा सार्वजनिक निष्काशन गर्न सकिने र जारी पूँजीको न्यूनतम १० प्रतिशतमात्र सार्वजनिक निष्काशन गरे पुग्ने लगायतका सुधारहरु गरिएको छ । त्यस अनुसार अन्तर्राष्ट्रिय अभ्यासलाई समेत दृष्टिगत गरी धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मार्फत धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशनको प्रिमियम मूल्य निर्धारण गर्दा पछिल्लो तीन बर्षको पूँजीकृत भएको आम्दानी, भबिष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (डिस्काउन्टेड क्यास फ्लो) र अन्तर्राष्ट्रि प्रचलनको आधारमा मूल्याङ्कनकर्ताले अपनाएको अन्य कुनै एक विधि अवलम्बन गरी प्राप्त हुने कूल मूल्यको औषत मूल्य वा पछिल्लो लेखापरीक्षण भएको प्रति शेयर नेटवर्थको चार गुणाले हुन आउने मूल्य मध्ये जुन कम हुन्छ सोलाई प्रिमियम मूल्य कायम गर्नुपर्ने व्यवस्था गरिएको छ । सोही वमोजिम सार्वजनिक निष्काशन गर्न लागेको पहिलो उत्पादनशील कम्पनी शिवम् सिमेन्टस् लिमिटेडले उद्योग प्रभावित क्षेत्रका वासिन्दालाई प्रति शेयर रु. ३०० र सर्वसाधारणको लागि प्रति शेयर रु. ४०० प्रिमियम मूल्य निर्धारण गरेकोमा बोर्डले नियमानुसार प्रारम्भिक सार्वजनिक निष्काशनको अनुमति प्रदान गरेको छ ।

६. सार्वजनिक निष्काशनको प्रिमियम मूल्य निर्धारण प्रचलित नियम तथा निर्देशिका बमोजिम पारदर्शी हिसावले गराउन बोर्ड पूर्ण सजग रहेको र उल्लेखित विधिहरु बमोजिम प्रिमियम मूल्य निर्धारण गरेको सुनिश्चित गरे पश्चात मात्र प्रिमियम मूल्यमा सार्वजनिक निष्काशनको अनुमति प्रदान गर्दै आएको छ । पूँजी बजार मार्फत पूँजी निर्माण गरी समग्र अर्थतन्त्रको विकास तथा विस्तारमा अभिवृद्धि ल्याउन बोर्डले धितोपत्र सम्बन्धी ऐन, नियम तथा निर्देशिका बमोजिम आफ्नो कार्य सम्पादन गर्दै आएको सम्बन्धित सबैमा जानकारी गराउँदै वजारमा फैलिएका अफवाह तथा गलत प्रचार प्रसारबाट भ्रमित नहुन समेत सम्बन्धित सवैलाई अनुरोध गरेको छ ।

## आर्थिक सहयोग तथा भौतिक सामाग्री वितरण ।

बोर्डबाट धितोपत्र तथा वस्तु विनिमय बजारको नियमन, सुपरिवेक्षण र विकास तथा सुधार गर्ने जिम्मेवारी लिइरहेकोमा बोर्डको रजत जयन्ती वर्षको अवसरमा विभिन्न सामाजिक क्षेत्रमा समेत उत्तरदायित्व बहन गर्ने क्रममा सामाजिक संस्थाहरुलाई आवश्यक आर्थिक तथा भौतिक समाग्री वितरण गरिएको छ । बोर्डबाट यस कार्य अन्तर्गत एक दर्जन भन्दा बढि संस्थाहरुलाई करिब रु. सात लाख बरारबरको आर्थिक तथा भौतिक सामाग्री उपलब्ध गराइएको छ । उक्त कार्यबाट धितोपत्र तथा वस्तु विनिमय बजारको विस्तार तथा विकास गर्ने क्रममा बोर्डलाई आम जनमानस बीचमा चिनाउन थप सहयोग पुगेको छ ।




*एमडिएस फाउन्डेसन, भोजपुरलाई भौतिक सामाग्री हस्तान्तरण गर्नुहुदै बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्की*

# पूँजी बजार नियमन तथा विकासमा हालसालका सुधार र आर्थिक पत्रकारिता सम्बन्धी अन्तरक्रिया

२०७५ असार २९ बोर्ड र नेपाल आर्थिक पत्रकार समाज-सेजनको संयुक्त आयोजनामा मिति २०७५ असार २९ मा पूँजी बजार नियमन तथा विकासमा हालसालका सुधार र आर्थिक पत्रकारितासम्बन्धमा पत्रकारहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । बोर्ड अध्यक्ष डा.रेवत बहादुर कार्कीको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा सेजनका अध्यक्ष श्री पुष्पराज आचार्य र सेजनका पदाधिकारी लगायत विभिन्न प्रिन्ट तथा अनलाइन मिडियाका अधिकांश आर्थिक पत्रकारहरुको सहभागिता रहेको थियो ।




*बोर्ड तथा नेपाल आर्थिक पत्रकार समाजबाट संयुक्तरुपमा आयोजित कार्यक्रमको एक झलक*

उक्त कार्यक्रमको प्राविधिक सत्रमा धितोपत्र तथा वस्तु विनिमय बजारका विविध पक्षहरुका साथै आर्थिक पत्रकारिता सम्बन्धी पाँच कार्यपत्र प्रस्तुत भएका थिए । बोर्डका कार्यकारी निर्देशक श्री परिष्टनाथ पौड्यालले धितोपत्र बजारमा सुपरिवेक्षण व्यवस्था तथा अभ्यास, बोर्डका निर्देशक श्री मुक्तिनाथ श्रेष्ठले धितोपत्र तथा वस्तु बजारसम्बन्धी कानूनी व्यवस्था र अभ्यास, निर्देशक श्री कृष्णराज पोखरेलले धितोपत्र बजारमा समष्टिगत नियमनसहित बुक बिल्डिङ्ग प्रणाली र अभ्यास र निर्देशक डा.नवराज अधिकारीले धितोपत्र तथा वस्तु विनिमय बजारमा भएका हालसालका सुधार र गुणस्तरीय समाचार प्रवाह विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । साथै, वरिष्ठ आर्थिक पत्रकार श्री लोक बहादुर चापागाईले आर्थिक पत्रकारिताको नैतिक मूल्य र मान्यता र स्तरीय एवं विश्वसनीय समाचार लेखन विषयमा आफ्नो प्रस्तुतिकरण गर्नुभएको थियो ।

अन्तरक्रियाको क्रममा सहभागीले धितोपत्रको प्राथमिक निष्काशन प्रक्रिया, सूचीकृत संगठित संस्थाका लागि सुशासन निर्देशिका, पूँजी बजार साक्षरतामा बोर्डको भूमिका, भित्री कारोबार न्यूनीकरणमा बोर्डको भूमिका लगायतका विषयमा आ-आफ्नो जिज्ञासा राख्दै पूँजी बजार प्राविधिक विषय भएकोले यसमा प्रयोग हुने शब्दावली सम्बन्धमा अधिकांश पत्रकार अनभिज्ञ रहेकाले यस सम्बन्धमा बोर्डले पत्रकारलाई धितोपत्र तथा वस्तु विनिमय बजारका विविध प्राविधिक विषयवस्तुका सम्बन्धमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको बताएका थिए ।

प्राविधिक सत्रको समेत अध्यक्षता गर्नुभएका बोर्ड अध्यक्ष डा. कार्कीले कार्यक्रममा उठेका जिज्ञासाहरुको सम्बोधन गर्दै सर्वसाधारणबाट पूँजी संकलन गर्ने संगठित संस्थाहरुको गतिविधिहरु निकै संवेदनशील विषय भएकोले यस्ता संस्थाहरु अनुशासित हुनुपर्ने, पूँजी बजार प्राविधिक तथा सूचनासँग संवेदनशील बजार भएकोले पत्रकारले सही एवं यथार्थ समाचार सम्प्रेषण गर्न अध्ययनशील र सुसूचित हुनुका साथै सही एवं यथार्थ समाचार प्रकाशनका लागि विशेष सावधानी अपनाउनुपर्ने बताउनुभयो । पूँजी बजारसम्बन्धी साक्षरता अभिवृद्धि गर्न बोर्डले विभिन्न सूचनासहितका धितोपत्र तथा वस्तु विनिमय सम्बन्धी सामग्रीहरु निरन्तर प्रकाशन गर्नुका साथै देशका दुर्गम जिल्लाहरुसहित उपत्यका बाहिरका क्षेत्रहरुमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

आगामी आर्थिक वर्षमा धितोपत्र बजार गतिविधि तथा बजार नियमनसम्बन्धी गुनासाहरुका सम्बन्धमा बजार सहभागीहरुको समेत सहभागितामा प्रत्येक त्रैमासिक अवधिमा लगानीकर्ताहरुसँग अन्तरक्रिया कार्यक्रम र लगानीकर्ताको जिज्ञासाहरु सम्बोधन गर्न नेप्सेको सहकार्यमा पाक्षिक रुपमा काठमाडौं उपत्यकाको उपयुक्त स्थानमा लगानीकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने तथा पूँजी बजारसम्बन्धी पाक्षिक रेडियो कार्यक्रम सञ्चालनको समेत व्यवस्था गर्ने एवं प्रदेश स्तरमा पत्रकार प्रशिक्षण कार्यक्रम गर्ने नीति तथा कार्यक्रम रहेको बताउनुभयो । उहाँले बोर्डले बजारको नियमन तथा विकास विस्तार गतिविधिका सन्दर्भमा बोर्ड र आर्थिक पत्रकारबीच हुन सक्ने भ्रम, द्विविधा तथा अस्पस्टता हटाई समझदारी बढाउन बोर्ड सदा प्रयत्नशिल रहेको समेत बताउनुभयो ।

बोर्डका कार्यकारी निर्देशिक श्री निरज गिरीले उपस्थित सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको सो कार्यक्रमको अन्त्यमा सेजनका अध्यक्ष श्री आचार्यले यस प्रकारको अन्तरक्रिया तथा छलफल कार्यक्रमले पूँजी बजार सम्बन्धी समाचारको गुणस्तरीय सम्प्रेषणमा बोर्ड र आर्थिक पत्रकारबीचको सहकार्य हुने भएकोले आगामी दिनमा समेत यस प्रकारको कार्यक्रमलाई निरन्तरता दिनुपर्ने साथै पूँजी बजारको नियमन, विकास तथा विस्तार गतिशिल विषय भएकोले आर्थिक पत्रकारले यस विषयमा अध्ययनशील भई आफूलाई समेत अद्यावधिक गर्ने तर्फ ध्यान दिनुपर्ने बताउँदै कार्यक्रम समापन गर्नुभयो । उक्त कार्यक्रमको सञ्चालन बोर्डका उप निर्देशक तथा सहायक प्रवक्ता श्री निरञ्जय घिमिरेले गर्नुभएको थियो ।

# लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिवृद्धि कार्यक्रम

(मिति २०७५।०२।०७( २०७५।०३।१६ सम्म)

**यस अवधिमा बोर्डले लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिवृद्धि कार्यक्रमलाई देशका प्रदेश नं. १ का दुर्गम जिल्लाहरुमा सञ्चालन गरेको छ ।**




*खोटाङमा आयोजित कार्यक्रममा मन्तव्य राख्नुहुदै बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्की ।*

**खोटाङमा कार्यक्रम (२०७५ असार १६)** : बोर्ड र खोटाङ उद्योग बाणिज्य संघको संयुक्त आयोजनामा मिति २०७५।०३।१६ गते दिक्तेल बजारमा पूँजीबजार सम्बन्धमा जनचेतना अभिवृद्धि तथा अन्तरक्रिया कार्यक्रम उक्त संघका अध्यक्ष राजेन्द्र लयालुको सभापतित्वमा र जिल्ला समन्वय समितिका सभापति श्री बबि चाम्लिङको प्रमुख आतिथ्यता तथा बोर्डका अध्यक्ष डा. रेवत वहादुर कार्कीको बिशेष आथित्यतामा सम्पन्न भएको छ । उक्त कार्यक्रममा खोटाङ जिल्लाको प्रमुख जिल्ला अधिकारी सुरेन्द्रराज पौडेल, रुपाकोट मजुवागढी नगरपालिका प्रमुख दिपनारायण रिजाल, बोर्डको निर्देशक डा. नवराज अधिकारी, प्रहरी नायव उपरिक्षक लोक दर्शन थापा बिशेष अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो । अन्य सहभागीहरुमा खोटाङ उद्योग बाणिज्य संघका पदाधिकारी, सरकारी तथा गैर सरकारी निकायका पदाधिकारी, स्थानीय उद्योग व्यवसायी, लगानीकर्ता, पत्रकार तथा सर्वसाधारणहरु समेतको गरी उल्लेख्य जनसहभागिता रहेको उक्त कार्यक्रममा बोर्डका निर्देशक डा.अधिकारीले धितोपत्र बजार तथा वस्तु विनिमय बजारका आधारभुत पक्षहरुका सम्बन्धमा प्रस्तुतिकरण गर्नु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समितिका सभापति श्री बबि चाम्लिङले बोर्डले पूँजीबजार सचेतना कार्यक्रम खोटाङ जिल्लामा आयोजना गरेकोमा खुसी व्यक्त गर्दै कार्यक्रमले शेयर बजारमा लगानी गर्न चाहने लगानीकर्ताहरुलाई राम्रो शिक्षा दिनुकासाथै यस क्षेत्रका सम्वन्धित पक्षहरुलाई धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धमा थप जानकारी प्राप्त गर्न उत्सुकता बढाएको धारण व्यक्त गर्नुभयो । प्रमुख अतिथि श्री चाम्लिङले यस प्रकारको कार्यक्रमलाई भबिष्यमा निरन्तरता दिनुपर्ने र त्यसका लागि आवश्यक सहयोग तथा समन्वय गर्न आफू सदा तत्पर रहेको विचार व्यक्त गर्नु भयो । उहाँले खोटाङ जिल्लामा जलविद्युत आयोजनाहरुको समेत संम्भावना रहेको र उक्त क्षेत्रको विकासको लागि स्थानीय पूँजी परिचालन गरी खोटाङवासीलाई पूँजी बजारमा सहभागी गराउन सकिने धारणा समेत राख्नुभएको थियो । कार्यक्रमका बिषेश अतिथि रुपाकोट मजुवागढी नगरपालिकाको मेयर रिजालले धितोपत्र बजार तथा वस्तु बजारसम्बन्धी जनचेतना अभिबृद्धि तथा लगानीकर्ता प्रशिक्षण कार्यक्रम खोटाङ जिल्लाको लागि पहिलो कार्यक्रम भएको र मौसमी प्रतिकूलताको बाबजुद देशको यो दुर्गम जिल्लामा आई कार्यक्रम गरेकोमा नेपाल धितोपत्र बोर्डलाई धन्यवाद दिदै कार्यक्रमबाट धितोपत्र बजारमा दीर्घकालिन सोच सहित धैर्यतापूर्वक लगानी गरेमा राम्रो हुने जानकारी प्राप्त गरेको विचार व्यक्त गर्नुभयो ।

बोर्डका अध्यक्ष डा. कार्कीले पूँजी बजारमा उतारचढाव हुने भएकाले यस्तो अवस्थामा लगानीकर्ताले अझ सुझबुझ पूर्ण तरिकाले यससम्बन्धी ज्ञान अभिबृद्धि गरी लगानी गर्न जरुरी रहेको बताउनु भयो । बोर्डले यस्तै किसिमको प्रशिक्षण कार्यक्रम गरी जनचेतना फैलाउने क्रममा दुर्गम जिल्लालाई समेत महत्व दिई कार्यक्रम गरिएको बताउँदै नेपालका सबै जिल्लाबाट सार्वजनिक निष्काशनमा आवेदन दिन सक्ने व्यवस्था गरिसकेको र आगामी श्रावणबाट अनलाईन मार्फत दोस्रो बजारमा कारोबार गर्न सकिने व्यवस्था गर्न अन्तिम तयारी भईरहेको जानकारी गराउनु भयो । देश संघीय संरचना गएको र स्थानीय रुपमा विकासका लागि आवश्यक रकम यस बजारबाट स्थानीय ऋणपत्र निष्काशन मार्फत जुटाउन सकिने भएकोले सोतर्फ सम्बन्धित पक्षहरुको ध्यान जान जरुरी रहेको बताउनुभयो । त्यसैगरी प्रमुख जिल्ला अधिकारी श्री पौडेलले हालैका दिनहरुमा विभिन्न जलविद्युत कम्पनीहरुले सार्वजनिक निष्काशन गरेको हुँदा यसले धेरै तिर शेयरसम्बन्धी जिज्ञासाहरु बढेको बताउँदै खोटाङ जिल्लाको आर्थिक गतिविधिलाई पूँजी बजारसंग जोडिनुपर्ने सन्दर्भमा बोर्डले आयोजना गरेको जनचेतना अभिबृद्धि तथा लगानीकर्ता प्रशिक्षण कार्यक्रम समय सान्दर्भिक रहेको विचार व्यक्त गर्नुभएको थियो ।

उक्त कार्यक्रममा सहभागीहरुले खोटाङमा समेत धितोपत्र दलाल व्यवसायी रहने व्यवस्था हुनुपर्ने माग सहित, अनलाईन व्यवस्था, करको दर, आस्वा प्रणाली, एफपियो, डिम्याट, डिपीको बारेमा जिज्ञासा राखेका थिए । यसरी उठेका जिज्ञासाका सम्वन्धमा वोर्डका पदाधिकारीले जवाफ दिनु भएको थियो । खोटाङ उद्योग बाणिज्य संघका बरिष्ठ उपाध्यक्ष उपिन कुमार राईले स्वागत मन्तव्य दिनुभएको उक्त कार्यक्रम सो संघका महासचिव सुमन जोशीले संचालन गर्नु भएको थियो ।

**संखुवासभामा कार्यक्रम (२०७५ जेठ ७)** : बोर्ड र संखुवासभा उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा संखुवासभा उद्योग बाणिज्य संघका अध्यक्ष श्री युवराज शाक्यको अध्यक्षतामा मिति २०७५ जेठ ७ गते खाँदवारीमा पूँजीबजार सम्बन्धमा जनचेतना अभिवृद्धि तथा अन्तरक्रिया कार्यक्रम उद्योग वाणिज्य संघका पदाधिकारी, सरकारी निकायका पदाधिकारी, विभिन्न व्यवसायी, लगानीकर्ता, पत्रकार, विद्यार्थी तथा सर्वसाधारणहरु समेतको गरी करिव २०० जनाको सहभागितामा सम्पन्न भएको छ ।

उक्त कार्यक्रमका प्रमुख अतिथि खाँदबारी नगरपालिका मेयर श्री मुरारी प्रसाद खतिवडाले बोर्डले गरेको यस्तो सचेतना कार्यक्रमले साच्चीकै जनचेतना अभिबृद्धि गर्ने र यसले सहभागीहरुलाई कौतुहलता समेत जगाएको हुँदा त्यस्तो खालको कार्यक्रमलाई निरन्तरता दिनुपर्ने विचार व्यक्त गर्नु भयो । कार्यक्रममा बोर्डका निर्देशक श्री विनयदेव आचार्यले धितोपत्र बजार तथा वस्तु बजारका विविध आयामहरु सम्बन्धमा प्रस्तुति राख्नुभएको थियो । सो कार्यक्रममा सहभागीहरुले धितोपत्र दलाल व्यवसायीको सिन्डिकेट तोड्नुपर्ने, स्थानीय तहमा धितोपत्र दलाल व्यवसायीलाई अनुमति दिनुपर्ने अक्सनमा समेत आस्वा मार्फत आवेदन दिन सक्ने व्यवस्था गर्नुपर्ने लगायतका विषयमा जिज्ञासा उठाएका थिए । कार्यक्रममा उठेका जिज्ञासाहरुको सम्वन्धमा बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्कीले जवाफ दिँदै जनचेतना फैलाउने तथा पूँजी बजारमा सकृयता बढाउन प्रशिक्षण गरिएको बताउँदै नेपालका ७७ वटै जिल्लाबाट सार्वजनिक निष्काशनमा आवेदन दिन सक्ने व्यवस्था लगायतका नीतिगत सुधारहरु गरिरहेको जानकारी गराउनु भयो । उहाँले देश संघीय संरचना गएको र स्थानीय रुपमा विकासका लागि आवश्यक रकम जुटाउन स्थानीय निकाय मार्फत वण्ड जारी गर्न सकिने भएकोले सो तर्फ पनि सम्बन्धित पक्षहरुको ध्यान जान जरुरी रहेको बताउनुभयो ।

उक्त कार्यक्रमका अध्यक्ष शाक्यले बोर्डसँगको सहकार्यमा यस्तो महत्वपूर्ण कार्यक्रम गर्न पाउँदा आफूहरु लाभान्वित भएको बताउँदै यस कार्यक्रमले सहभागीमा कौतुहलता भएको हुँदा आगामी दिनमा यस्ता कार्यक्रम नियमित रुपमा गर्नुपर्ने धारणा राख्नु भयो । उक्त कार्यक्रम बोर्डका का.मु. अधिकृत श्री राजु बहादुर जि.सि. ले संचालन गर्नुभएको थियो ।

**भोजपुरमा कार्यक्रम (२०७५ जेठ ९)**: बोर्ड र भोजपुर उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा भोजपुर उद्योग वाणिज्य संघका अध्यक्ष श्री डम्बर कुमार श्रेष्ठको अध्यक्षतामा यही मिति २०७५ जेठ ९ गते भोजपुरको भोजपुर बजारमा पूँजीबजार सम्बन्धमा जनचेतना अभिवृद्धि तथा अन्तरक्रिया कार्यक्रम उद्योग वाणिज्य संघका पदाधिकारी, सरकारी निकायका पदाधिकारी, विभिन्न व्यवसायी, लगानीकर्ता, पत्रकार, विद्यार्थी तथा सर्वसाधारणहरु समेतको गरी करिव १५० जनाको सहभागितामा सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि भोजपुर नगरपालिका मेयर श्री कैलाश कुमार आलेले मुलुक अहिले आर्थिक समृद्धि तर्फ बढीरहेको समयमा यस्तो कार्यक्रम अँध्यारोको साथी हुने विचार व्यक्त गर्नु भयो । कार्यक्रममा बोर्डका निर्देशक श्री विनयदेव आचार्यले धितोपत्र बजार तथा वस्तु बजारका विविध आयामहरु सम्बन्धमा प्रस्तुति राख्नुभएको थियो । सो कार्यक्रममा सहभागीहरुबाट धितोपत्र दलाल व्यवसायी थप गर्न कस्तो नीति रहेको, पूँजी बजार प्राविधिक विषय भएको हुँदा यस्तो कार्यक्रमलाई निरन्तरता दिनुपर्ने जस्ता विषयमा जिज्ञासाहरु उठेकोमा बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्कीले उठेका जिज्ञासालाई सम्बोधन गर्दै बोर्डले जनचेतना फैलाउने तथा पूँजी बजारमा सकृय बढाउन प्रशिक्षण गरिएको बताउँदै धितोपत्र बजारमा हालसाल गरिएका समसामयिक सुधारहरुको बारेमा जानकारी गराउनु भएको थियो ।

कार्यक्रमका विशेष अतिथि प्रमुख जिल्ला अधिकारी हिरादेवी पौडेलले पूँजीको विकास र विस्तारविना विकास सम्भव नभएको हुँदा पूँजीबजार सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गरी बोर्डले सराहनीय कार्य गरेको विचार व्यक्त गर्नुभएको थियो । यसैगरी विशेष अतिथि भोजपुर जिल्ला समन्वय समितिका उपसभापति श्री अनिसा खड्काले मुलुक समृद्धि तर्फ बढीरहेको सन्दर्भमा यस्तो कार्यक्रम थप योगदान पुग्ने विचार व्यक्त गर्नुभयो । बोर्डका का.मु. अधिकृत श्री राजु बहादुर जि.सि. ले संचालन गर्नुभएको उक्त कार्यक्रमका अध्यक्ष श्रेष्ठले यस्तो प्रकारको जनचेतना कार्यक्रमलाई थप व्यवस्थित बनाउनको लागि संघ प्रतिवद्ध रहेको विचार व्यक्त गर्नुभयो ।

## मर्चेन्ट बैंकरको अनुमतिपत्र खारेज

धितोपत्र व्यवसाय (मर्चेन्ट बैंकिङ्ग) अन्तर्गत लगानी व्यवस्थापकको कार्य गर्न बीड इन्भेष्ट लि. कृष्ण गल्ली, ललितपुरलाई वोर्डवाट प्रदान गरिएको धितोपत्र व्यवसाय (मर्चेन्ट वैंकर) को अनुमतिपत्र उक्त लि. ले धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ६१ व्यवस्था बमोजिम नवीकरण नगरेकोले खारेज भएको हो ।

प्रमुख सल्लाहकार
**डा. रेवत बहादुर कार्की, अध्यक्ष**

सल्लाहकार
**परीष्टनाथ पौड्याल, कार्यकारी निर्देशक**
**निरज गिरी, कार्यकारी निर्देशक**

सम्पादक
**डा. नवराज अधिकारी, निर्देशक**

सह सम्पादक
**नारायण प्र. शर्मा, उप निर्देशक**

सहायक सम्पादक
**रेवत श्रेष्ठ, अधिकृत**

प्रकाशक
**नेपाल धितोपत्र बोर्ड**, पो.ब.नं. ९०३१, जावलाखेल, ललितपुर,फोनः ०१–५५४१०५७, ५०००२०१, ५०००१६२, फ्याक्सः०१– ५५४१०५८, टोल फ्रि हटलाइन नंः १६६०–०१–४४४३३, वेबसाइटः http://www.sebon.gov.np, इ–मेलः support@sebon.gov.np